# भूमि अधिकार

वर्ष २, पूर्णाङ्क ९, २०६२ साउन (July, 2005)

## भूमिसुधारलाई कुल्चिएर भूमि बैंक

पृष्ठ ८

विगतका भूमिसुधारका प्रयास र त्यसको प्रतिफल हेर्दा लाग्छ कार्यान्वयनमा शासकहरू इमान्दार नहुनाले नै व्यवहारमा यो लागू हुन नसकेको हो । ०२१ सालको भूमिसुधारको घोषणापछि डेलिगेसन आएका तराईका जिमिदारहरूलाई जमिन लुकाउन छुट दिइएपछि आन्दोलित जिमिदार मत्थर भएका थिए । अहिलेको अवस्थामा देशभरी कसको स्वामित्वमा कहाँ कति जग्गा छ, त्यसको अभिलेखसम्म सरकारसँग छैन । यस्तो अवस्थामा सरकारले भूमिसुधारको गफ गर्नु भनेको अध्यारोमा ढुङ्गा हान्नु जस्तो हो । यदि सरकार वास्तवमै भूमिसुधार लागू गर्न चाहन्छ भने सर्वप्रथम कहाँ कसको नाउँमा कति जग्गा छ र त्यो कुन अवस्थामा छ ? त्यसको अभिलेख अद्यावधिक बनाउन लाग्नुपर्छ ।

अहिले भूमिसुधारको साटो भूमिबैंक स्थापना गर्ने तयारी सरकारले गरिरहेको भए पनि भूमिसुधारको विकल्प भूमिबैंक हुन नसक्ने स्पष्ट छ ।

## नेपालको भूमिसुधारबारे उल्फ लेडेजिस्किको विचार

पृष्ठ १६



१२



*किसान आन्दोलनको उद्देश्य अहिलेको जमिनदारी प्रथाको अन्त्य र जमिनमाथि जोताहा किसानको अधिकार स्थापना हुनुपर्छ ।*

२७



*लोकतन्त्र र भूमिअधिकारका लागि साइकल यात्रा ।*


भूमि अधिकार अभियानमा संगठन ........ ३

बाँके जिल्लामा भूमि आन्दोलन. ........ २०

आदिवासी जनजाति र जमिन.. ........ २३

जल, जमिन र जंगलमा पहुँचका लागि आन्दोलनमा जोड ........ २५



प्रकाशकः

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

सिन्धुपाल्चोक, सम्पर्क कार्यालयः काठमाडौं, पोष्ट बक्स नं : १९७९०, फोन ४३६०४८६

E-mail : landrights@csrcnepal.org, Website : www.csrcnepal.org

भूमिसुधारका कैयौं न्यायिक विकल्पलाई पन्छाएर भूमि बैंक स्थापना गर्ने सरकारी अड्डी आर्थिक वर्ष २०६२/०६३ को बजेट भाषणमा फेरी दोहोरियो । यसअघि बैंकको स्थापना अघिल्लो वर्षमा नै गर्ने भनिएपनि भूमि अधिकारबाट वञ्चित र नागरिक समाजको चर्को विरोधपछि रोकिएको अनुमान थियो । कमिसन पाईने चक्करमा सरकारी अधिकारीहरू अनुदान भन्दा ऋण सम्झौतामा खुसी हुन्छन भन्ने यथार्थको कसीमा हेर्दा भूमि बैंकपनि जमिन्दार र कर्मचारीको हितमा ल्याउन लागिएको स्पष्ट हुन आउँछ । नत्र जसका लागि बैंक ल्याईदैंछ, उनीहरूले नै चाँहिदैंन भनेपछि जबर्जस्ती लाद्नै पर्ने किन ? मुलुकलाई आर्थिक भार नपर्ने गरी भूमिसुधारका लागि गर्नैपर्ने कार्यक्रमहरू जस्तो हदबन्दीको कार्यान्वयन, जोताहालाई मोहियानी हक, हलियालाई जग्गासहित मुक्ति, बाँझो जग्गाको उपयोग, उखडा जग्गा दर्ता, गाउँब्लकको नापजाँच आदि कार्य नगरेर विदेशी ऋणको आडमा भूमि बैंकको रटानमा मात्र एकोहोरो लाग्नुले यस योजनामा सरकारी अधिकारी र जमिन्दारको स्वार्थ लुकेको छैन भन्ने कसरी ?

भूमिसुधारको जिम्मा लिएकाहरू अहिलेकै स्रोत र संरचनाले हुने काम नगरेर नचाहिने बाटोमा किन दगुर्छन ? २०५८ सालमा लागू गरिएको हदबन्दी कार्यान्वयन गर्नेतर्फ सिन्को भाँचिएको छैन । पुस्तौंदेखि आफु बसेको जग्गा दर्ताको लागि भदौ २२ (०६१) सम्म पेश भएका ६३ हजार निवेदन उपर छानबिन किन भईरहेको छैन ? जनताले प्रश्न उठाउन थालेका छन् । गाउँका गरिब जोताहाहरू पुस्तौदेखि जग्गा जोतिरहेका छन्, जमिन्दारहरू शहरबजारमा बसेर फसल खाईरहेका छन् । भूमि अड्डा यस्ता जोताहाको संरक्षण गर्ने प्रयत्न नगरेर किन तमासे बनिरहेको छ ? भूमि अड्डा वास्तविक जोताहा किसानको अड्डा हो कि उनीहरूको विरोधी ? मोही लागेकाहरू बाँडफाँडका लागि निवेदन दिएर आधा जग्गा लिन तयार छन् तर भूमिसुधार अड्डा कानुन विपरित १० वा २० प्रतिशत जग्गा मात्र मोहीलाई दिलाउन लागि परेको छ । कयौंलाई तारेखमा झुलाईएको छ । द्वैध स्वामित्व अन्त्य गरिएको ९ वर्षमा ९ हजार मोहीलाई जग्गा बाँड्न नसक्ने कस्तो अड्डा हो भूमि अड्डा ?

पछिल्लो पटक जारी मोही जग्गा बाँडफाँडका लागि भूमिसुधार कार्यालयमा निवेदन दिनुपर्ने म्याद ०६१ चैत्र मसान्तमै सकिएको छ, जबकि त्यसक्रममा बाँडफाँडका लागि करिब ३६ हजार निवेदन मात्र परेका छन् । कुल दुईलाख ६६ हजार दर्तावाल मोहीमध्ये यति थोरैको मात्र निवेदन पर्नु सरकारको असक्षमता त हुँदै हो, निवेदन नपरेको नाममा सरकारले मोही जग्गामा पनि जमिन्दारको एकल स्वामित्व स्थापित गराइदिनसक्ने खतरा छ । यसर्थ निवेदनको म्याद बढाउँनु र निवेदनका लागि मोहीहरूसम्म प्रभावकारी सूचना पुग्नु अत्यन्त आवश्यक छ । अब मोही सम्बन्धी निर्णय लिँदा ४ लाख ५० हजार बेदर्तावाल मोही परिवारलाई हक दिने व्यवहारिक नीतिलाई समेट्नैपर्छ । जमिन जोत्नेलाई मोहियानी हक दिने अधिकार जमिन नजोत्नेहरूसँग छैन ।

यो अंकदेखि हामी केही नयाँ र भिन्न अनुहारमा प्रस्तुत हुने जमर्को गरेका छौं । हामीले भूमि आन्दोलनमा बिचार पक्षलाई तिखार्दै लैजान ६, ६ महिनामा यस प्रकारको प्रकाशन र आवश्यकता अनुरूप भूमि अधिकार अपडेट (वर्षमा ४ अंक) प्रकाशन गर्ने सोचाई बनाएका छौं । तर यो काम आदरणीय पाठकहरूको सहयोगमा मात्र सम्भव छ । यो पत्रिका तपाई हामी सबैको हो । लेखेर, पढेर, यसबारे समुदाय तथा विभिन्न व्यक्ति तथा निकायमा जानकारी गराएर र पत्रिकाबारे आफ्नो मनमा लागेका सल्लाह सुझाव हामीलाई पठाएर सहयोग गर्न सबैमा हार्दिक अनुरोध गर्दछौं ।

# भूमि आन्दोलनमा लागिरहने छु

जुक्ति देवी मण्डल हरिपुर गा.वि.स.-६ सप्तरी निवासी ७० वर्ष पार गरेकी वृद्धा हुन । उनले नागरिकता पाउँदा यसरी खुशी व्यक्त गरिन् - "मेरो श्रीमानको नागरिकता थिएन । श्रीमान् स्वर्गवास भएकाले मेरो नागरिकता भएन । यति मात्र होइन कि माइती तर्फका आमा, बुबा, दाजु भाउजु कसैको पनि नागरिकता थिएन । छरछिमेकीको पनि नागरिकता नभएका कारण साँक्षी बस्ने नभएर मलाई नागरिकता लिन समस्या परेको थियो । तर प्रमुख जिल्ला अधिकारी आनन्दराज पोखरेलले गाविसको सिफारिस र गा.वि.स.सर्जमीनको आधारमा नागरिकता दिनुभयो । यो भन्दा पहिला कति नेताहरुलाई भनें तर कसैले नागरिकता बनाउन पहल गरिदिएनन् । तर यस वर्ष जनचेतना दलित संगमको भूमि अधिकारका लागि नागरिकता अभियानमा समावेश भई दुई दिन लगातार सदरमुकाम राजविराज धाएर नागरिकता प्राप्त गरेरै छोडें । मर्नेबेलामा भएपनि नागरिकता पाउँदा अति खुशी छु ।'

'हरिपुर गा.वि.स.बाट ट्याक्टर नै भाडा लिएर हामी २७ जना नागरिकता बनाउन र त्यसको सनाखत गर्नका लागि २७ जना गरी ५४ जनासंगै गएका थियौ । नागरिकता लिने मध्ये हामी १५ महिला र १२ पुरुष थियौं । नागरिकता पाउने मध्येमा सवभन्दा बढी उमेरको म नै थिएँ । जनचेतनाा दलित संगमको सहयोगमा मैले नागरिकता प्राप्त गरे । अब भूमि प्राप्ति आन्दोलनमा लागि रहनेछु ।' उनले खुशी व्यक्त गर्दै भनिन ।

# भूमि अधिकार
## अभियानमा संगठन




■ जगत देउजा

### १. शुरुवात

कृषिक्षेत्रको विकासपछि मात्र नेपाली समाजको समुन्नति सम्भव छ । कृषिक्षेत्रको विकास विद्यमान सामन्ती भूमि व्यवस्थालाई आधारभूत रुपमा समाप्त नगरी हुदैंन । कृषि क्षेत्रको विकास नभई देशले औद्योगीकिकरणको बाटो पक्डिदैंन । देश जति औद्योगीकिकरणतर्फ अगाडि बढ्दै गयो, त्यतिनै भूमिअधिकारबाट वञ्चितका समस्याले पनि पार पाउने हो । जसले भूमिमा आश्रित हुनेहरुको संख्या पनि घटोस् । यसका लागि जमिनमा श्रम गर्ने १० लाख ३७ हजार भूमिहीन, ४ लाख ५० हजार मोही, ४० हजार कमैया, ६० हजार हलिया र लाखौं साना किसान परिवार (जनसंख्यामा हेर्दा करिब एक करोड) को हातमा जमिनको स्वामित्व हुन आवश्यक छ । यी समुदायको सामाजिक, आर्थिक र राजनीतिक रुपान्तरणको लागि जोताहामुखी भूमिसुधारको विकल्प छैन ।

भूमिमा श्रम गर्नेकै स्वामित्व नहुनु गरिबीको प्रमुख कारण हो । समाजमा व्याप्त शोषण, अन्याय, थिचोमिचो अशिक्षा सबैनै भूमिको असमान वितरणसँग गाँसिएका छन् । उत्पादन गर्ने वर्ग भोकभोकै मर्ने र उत्पादनमा सहभागी नहुने वर्गले जमीनको ठुलो हिस्सा ओगटी उत्पादनलाई नियन्त्रणमा लिने वर्तमान अवस्था सिंगो मुलुककै प्रगतीको बाधक बनेको छ । यस्तो परिस्थितीले समाजमा असमानता र विद्रोह बढाईराखेको छ । भूमिको असमान वितरणले नै लैङ्गिक, जातिय र वर्गीय असमानता एवं विभेदलाई टिकाईरहेको छ ।

अब प्रश्न उठ्छ, जोताहामुखी भूमिसुधार कसरी हुन्छ वा कसले गरिदिन्छ ? यस अघिका अनुभवले प्रष्ट गरेको छ कि संगठन, संगठित आन्दोलन र त्यसको प्रभावकारी परिचालनले मात्र भूमि व्यवस्थामा रुपान्तरण हुन्छ । हरेक समुदाय एवं जिल्ला जिल्लामा भूमि व्यवस्थाबारे व्यापक बहस र छलफल नभई केन्द्रबाट भूमिसुधारको प्याकेज खस्दैन र खसेपनि यसले व्यवहारमा परिवर्तन ल्याउँदैन ।

### २. संगठन र यसका आधारभुत तत्व

शाब्दिक अर्थमा जनसंगठन भन्नाले आफ्नो अधिकार प्राप्तिको लागि संगठित जमात भन्ने बुझिन्छ । अधिकारका लागि संगठितहरुको बलियो समूह जनसंगठन हो । पीडितहरुको संगठनमा संगठित हुने हरेक सदस्य पीडित नै हुन्छ । भूमि अधिकारबाट वञ्चितहरुले आफ्नो अधिकार प्राप्तिका लागि निर्माण गरेको संगठनलाई भूमि अधिकारबाट

वञ्चितको संगठन भनिन्छ ।

संगठनको केही घोषित उद्देश्य, परिपाटी, नीति र कार्यक्रम हुन्छ । यही घोषित दायराभित्र बस्ने औपचारिक समूहलाई संगठन भनिन्छ । सामुदायिक संगठन नभईकन त समाज नै बन्दैन । समाजमा केही पेशागत संगठनहरु पनि जन्मिन्छन् । सामुदायिक बाहेक अरु खाले संगठन निर्माण गर्नुभन्दा पेशागत संगठन निर्माण गर्नु सजिलो हुन्छ । भूमि अधिकारबाट वञ्चितहरुको संगठन निर्माण गर्नु एउटा चुनौतीपूर्ण तर नगरी नहुने कार्य हो । भूमिहीन किसान, मोही, हलिया, कमैया, कृषि श्रमिक, साना किसान आदिको समस्या आधारभूत रुपमा एउटै भएपनि उनीहरुको समस्याको प्रकृति केही फरक पनि छ । भूमि अधिकारबाट वञ्चितहरुका समस्या भिन्दाभिन्दै हुनसक्छ, फेरी पहाडका किसान र तराईका किसानको समस्या पनि फरक हुन्छ । आफ्नै किसानी हो की ? अरुको किसानी हो ? दर्तावाल मोही हो की, वेदर्तावाल मोही हो ? भूमि अधिकारबाट वञ्चितभित्र पसेर हेरियो भने हामी यस्ता दर्जनौं सवालहरु अन्तर्निहित भएको पाउँछौं । यि समस्यालाई उदङग्याउन सक्ने गरी विभिन्न संगठनहरु खडा हुनुपर्दछ, जसले समस्याको समाधान गरोस् । भूमि अधिकारबाट वञ्चित को हो भन्ने विषय स्थानीय तह मैं छलफल गरेर टुङ्गो लगाउनु पर्दछ ।

### ३. भूमि अधिकार अभियानमा संगठन किन ?

भूमिसुधारबारे ६ दशक भन्दा बढी अवधी चर्चा परिचर्चा भईरहे पनि अर्थपूर्ण परिवर्तन हात लाग्न सकेन । त्यसको मूलकारण बलियो संगठनको अभाव र भएका संगठनको प्रभावकारी परिचालन नहुनु नै हो । भूमि अधिकारबाट वञ्चितहरुको जमिन माथिको पहुँच र उपभोगका लागि स्वयम पीडितहरुको संगठनको आवश्यकता पर्दछ । यस्तो संगठनको नाता विभिन्न सरोकारवालाहरु मानव अधिकारबादी, राजनैतिक पार्टीहरु, पत्रकार, कानून व्यवसायी, विभिन्न जातीय तथा वर्गीय संगठनसँग जोडिन पनि त्यत्तिकै जरुरी छ ।

भूमि अधिकारको सवाललाई सही सम्बोधन गर्नका लागि विभिन्न पक्षबीच व्यापक सूचना आदानप्रदान तथा संवादको खाँचो पर्दछ । आन्दोलनप्रति पीडितहरुको अपनत्व वृद्दि गर्दै शक्तिको बोध गराउन संगठित कार्यक्रम र स्वरहरुको आवश्यकता पर्दछ । भूमि अधिकारको आन्दोलनलाई स्थानीयदेखि राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा जोड्न र दवाब खडा गर्न संगठन नभई हुदैंन । भूमि व्यवस्थाका सम्बन्धमा बनेका ऐन, नियम र कार्यक्रमहरुको अध्ययन, विश्लेषण, अभिलेखन गरी सरकारलाई गरीबहरुको हितमा त्यसको परिमार्जन, नयाँ नियमको निर्माण र प्रभावकारी कार्यान्वयनका लागि प्रभाव पार्न संगठन चाहिन्छ र संगठनको व्यापक एवं सही परिचालन चाहिन्छ ।

पीडितहरुको सामूहिक सौदाबाजीको क्षमता वृद्दि पनि संगठनले नै गर्ने हो । हली, कमैयाजस्तो अर्ध-दासप्रथा समाजमा कायम राखिराख्ने अर्थराजनैतिक आधारशीला पनि अहिलेकै भूमि व्यवस्थाले तयार गरेको हो । सिङ्गो समाजलाई पछौटे अवस्थामा खाँदिराख्ने यस्तो सामन्ती भूमि व्यवस्थालाई रुपान्तरण गरेर जमिन जोत्ने र व्यवस्थापन गर्नेलाई नै जमिनको मालिक बनाउनको लागि भूमिसुधारको खाँचो छ । प्रगतिशील भूमिसुधारको लागि सशक्त भूमिअधिकार आन्दोलन चाहिन्छ । यस्तो आन्दोलन बलियो संगठनले मात्र गर्न सक्छ ।

नेपालकै र विश्वभरका अधिकारमुखी आन्दोलनहरुले हामीलाई के पाठ सिकाएको छ भने जबसम्म अधिकारबाट वञ्चित, शोषित तथा पीडित समुदाय आफै बिउँझेको हुँदैन, तबसम्म दिगो र वास्तविक परिवर्तन संभव हुँदैन । भूमिअधिकार आन्दोलनलाई दरो र दिगो बनाउँदै लक्ष्यसम्म पुऱ्याउनको लागि पनि हली, कमैया, सुकुम्बासी र मोही किसानकै मजबुत जनसंगठन चाहिन्छ ।



न्यायप्रेमी बौद्धिकहरुले अभियानको पक्षमा वकालत गर्न सक्छन । परिवर्तनवादी दलहरुले भूमिसुधारको पक्षमा ऐन, कानुन र नीति संसदबाट अनुमोदन गराउन सक्छन । पत्रकारहरुले पीडितका आवाजहरु नीतिनिर्मातासमक्ष पुऱ्याउन

सक्छन । इमानदार गैरसरकारी संस्थाहरुले समुदायतहसम्मै पुगेर भूमि व्यवस्थाबारे सहभागिमूलक छलफल चलाउँदै पीडितहरुको संगठन निर्माणमा सहयोगी भूमिका खेल्न सक्छन । तर, पीडितहरुको प्रतिनिधित्व पीडितहरुकै जनसंगठन सिवाय अरुले गर्न सक्दैन । राज्य निकाय, राजनैतिक दल र गैरसरकारी विकासे संस्थाहरुमा जुन वर्ग वा तप्का नेतृत्वमा रहेको हुन्छ, त्यसले अन्तिम विन्दुसम्म हली, कमैया, सुकुम्बासीहरुको तर्फबाट शक्तिकेन्द्रहरुसँग सौदाबाजी गर्ने संभावना नै छैन । यो राजनैतिक इमानदारीताको सवाल मात्र नभएर सामाजिक शक्ति रुपान्तरणको शक्तिविन्यासको सवाल पनि हो । विभेदकारी सामाजिक संरचनाका कारण भूमिसुधारका पक्षमा छौ भन्ने राजनैतिक पार्टीहरुका जनवर्गीय संगठनहरुको नेतृत्वमा भूमिअधिकारबाट पीडितहरु पुगेका छैनन् । नीति निर्माण एवं प्रशासनिक निकायहरुमा पीडकहरु कै बोलवाला छ । पीडितहरुको उत्थानका योजनाहरु गैरपीडितहरुले बनाउने हुदाँ त्यो पीडितमूखी हुने कुरै भएन । सानातिना संगठनहरुले उठाएका सवालहरु पानीका फोका भैदिन्छन् । किनभने पीडकहरुको हरक्षेत्रको जालो बलियो र सवल छ । सरकार र सरकारी संयन्त्र पीडकहरुकै छ । यसर्थ पनि नेपालका तमाम भूमिहीन सुकुम्बासी, मोही किसान तथा कृषि श्रमिकहरु आफ्नो जमीनमाथिको न्यायिक र कानूनी हक तथा अधिकार प्राप्तिका लागि एक दरिलो र सशक्त संघर्षशील संठगनको निर्माण हुनु आवश्यक भएको हो ।

## ४.संगठनको स्वरूप कस्तो हुनु राम्रो हुन्छ ?

### हालको अवस्था

भूमि अधिकार अभियानको सन्दर्भमा निर्माण भएका हालको संगठनको अवस्था नियाल्दा संगठन निर्माणको क्रम शुरु भएको त्यति लामो समय भएको छैन र यो त्यति व्यवस्थित बन्न सकिरहेको छैन । राष्ट्रिय तहमा निर्माण भएको संगठन सक्रिय रुपमा परिचालित भएपनि अभियानलाई व्यवस्थित गर्ने मामिलामा त्यसले धेरै अभ्यास गर्न बाँकी नै छ । समुदाय तहमा गठित समूहमा भूमि अधिकारबाट वञ्चितका सबै सवाल समेट्ने वा नसमेट्ने ? समुदाय तहको बनाउने वा गाविस तहको ? क्षेत्रीय तहको संगठन तयार गर्ने वा नगर्ने ? महिला र पुरुष मध्ये कसलाई संयोजक बनाउने ? महिला र दलितको सहभागिता कसरी सुनिश्चित गर्ने ? परिचालन प्रक्रिया के हो ? आदि कुरामा अहिले निर्माण भएका संगठनहरु अस्पष्ट देखिन्छन् । ठाउँ विशेषमा यसका स्वरुप, बुझाई र परिचालन प्रक्रिया फरक फरक भेटिन्छ । एउटा कुरा के हो भने सबै कुरा प्रष्ट भएर मात्र कामको थालनी हुदैंन र व्यवहारको कसीमा नगई प्रष्टता के हो थाहा हुदैंन । अहिले भएको संगठन निर्माणको अभ्यासलाई आलोचनात्मक समिक्षा गर्दै त्यसमा सुधार गर्न भने आवश्यक छ ।

**सशक्त संगठनका केही बिशेषताहरु**

- जातीय, लैङ्गिक, क्षेत्रीय हिसावले समावेशी संगठन संरचना
- लोकतान्त्रिक पद्धति र सहभागितामूलक निर्णय प्रक्रिया अवलम्वन
- संगठनतहमा स्वतन्त्र निर्णय, स्वतन्त्र नेतृत्व, स्वतन्त्र परिचालन
- जनमुखी शिक्षा र सिकाइद्धध्दति आन्दोलनको अभिन्न अंग बनाउने
- स्थानीय स्रोत साधनको खोजी र सही परिचालन

### प्राथमिक संगठन :

प्रत्येक समस्याग्रस्त समुदायमा पीडित स्वयमले प्राथमिक संगठनमा आवद्ध हुनुपर्दछ । सदस्यको हिसाबले कम्तीमा १० देखि बढिमा जति पनि यस्ता प्राथमिक संगठनका सदस्य हुन सक्छन् । धेरै ठूलो समूह भयो भनेचाहिँ त्यसमध्येबाट ७ देखि ११ जनाको समतामुलक संयोजन समूह निर्माण हुनु आवश्यक छ । यो विषय भौगोलिक अवस्था र स्थानीय परिवेशलाई हेरेर निर्धारण हुने कुरा हो । प्रत्येक समूहमा १ महिला संयोजक भए पूरुष सचिव र पूरुष संयोजक भए महिला सचिव हुनेछन । धेरै ठुलो समूहमा ५, ७ जनाको मुल कार्यसमिति र अरु सबैलाई सदस्य पनि बनाउन सकिन्छ । अहिले महिला पुरुष अनुपात ६:४ हुनुपर्छ । यिनीहरुलाई अन्य विकासमा खास गरिबहरुले अवसर प्राप्त गर्ने थलोको रुपमा विकास गरी अगाडि लैजानु पर्दछ । संगठनमा भूमिहीन किसान, जोताहा किसान, हलिया, कमैया, हरुवा, चरुवा, अव्यवस्थित बसोवासी र साना किसान सबै नै संगठित हुन सक्छन् । यसको सम्पूर्ण नेतृत्व अधिकारवाला समूहले गर्नुपर्दछ । यस्ता संगठन टोल, वडा वा २, ३ वडाको एउटा पनि हुनसक्छ । एउटै गाविसमा ५ भन्दा बढी संगठन निमार्ण भयो र त्यसलाई संयोजन गर्न आवश्यक देखियो भने मात्र गाविसस्तरको संगठन निर्माण गर्न सकिन्छ तर यसलाई छुट्टै तह बनाउने भन्दा पनि संयोजन कार्यलाई सजिलो तुल्याउने हिसाबले लिनुपर्दछ । अधिकारबाट वञ्चित मध्येबाट ७, १० वा १५ सदस्यीय समूह निर्माण गर्नु होइन ।

### जिल्ला संगठन :

जिल्लास्तरमा प्राथमिक संगठन प्रतिनिधि सम्मिलित संगठन निर्माण गर्नुपर्दछ । जिल्ला संगठन सम्मेलनबाट निर्माण गर्नुपर्दछ । जिल्ला सम्मेलनमा प्रत्येक प्राथमिक संगठनबाट सदस्य संख्याको आधारमा आधा महिला र आधा पुरुष र यसमा पनि दलित र जनजातीको समतामुलक प्रतिनिधित्व चाहिन्छ । कम्तीमा एउटा जिल्लामा २० संगठन निर्माण नभई जिल्ला सम्मेलन गर्नु प्रभावकारी हुदैंन ।

### राष्ट्रिय संगठन :

जिल्ला संगठनका प्रतिनीधि सम्मिलित १३ देखि २५ सदस्यीय राष्ट्रिय संगठन निर्माण गर्नुपर्दछ । यसले भौगोलिक, जातीय र लैङ्गिक समानतामा ध्यान दिनेछ । राष्ट्रिय संगठनले राष्ट्रिय आन्दोलनको नेतृत्व गर्नेछ । यसको चयन राष्ट्रिय सम्मेलनले गर्नेछ । प्राथमिक संगठनमा संगठित नहुने व्यक्ति राष्ट्रिय संगठनको पदाधिकारी बन्न पाउँदैन ।

## ५. संगठनलाई कसरी जिवन्त बनाई राख्ने ?

संगठनलाई निर्माण गरेर परिचालन गर्न सकिएन भने त्यो जीवन्त बन्दैन । अधिकार प्राप्तिको लागि सदस्यहरुलाई बैचारिक तथा व्यवहारका हिसाबले जहिले पनि सवल र सक्षम बनाउनु पर्दछ । प्रत्येक संगठनमा संगठन र उनीहरुको समुदायको वर्तमान अवस्थाको विषयमा गहिरो छलफल चलाउनु

पर्दछ । प्रत्येक समुदायको सवाल र अडान तय गर्नुपर्दछ । जसले संगठनको मागलाई स्पष्ट गर्दछ । र, यि छलफल चलाउँदा ऐतिहासिक घटना, ज्ञान सीपको आदानप्रदानतर्फ जोड दिनुपर्दछ ।

आफ्ना सवालबारे छलफल, समाधानका विकल्प र त्यो प्राप्तिको लागि अभियानको योजनाको निर्माण एवं नेतृत्व पनि संगठन स्वयंले गर्ने अवस्था सृजना गर्नुपर्दछ । विद्यमान ऐन, कानुन र नीतिनियमवारे आलोचनात्मक छलफल र अन्य सचेतना अभियान निरन्तर चाहिन्छ । यस्ता संगठनले आमसञ्चार, राजनीतिक संगठन सबैसँग सहकार्य र संवाद गरिरहनु पर्छ । संगठनले विभिन्न अभियान आयोजना गर्ने र सोको समिक्षा गर्दै भावी कार्यक्रमहरु तय गर्नुपर्दछ ।

त्यस्तै संगठनलाई जीवन्त राख्न नेतृत्व विकासको भूमिका अहम् हुन्छ । कुनै पनि जिवन्त संगठनको निम्ति नेतृत्व विकास निरन्तर चलिरहने प्रक्रिया हो । यसका निम्ति संगठनभित्रका कार्यमा धेरै भन्दा धेरै सदस्यलाई अधिकत्म जिम्मेवारी दिएर परिचालन गर्न सक्नुपर्दछ । धेरै सदस्य र सहयोगीबाट काम गराउन सक्ने ब्यक्ति सफल अगुवा मानिन्छ । नेतृत्वको वास्तविक सफलता भनेको सहकर्मीहरुलाई आफ्नो अभियानमा बढीभन्दा बढी सहभागी गराउन सक्नु हो ।

विचार संगठनको मुल आधार हो । त्यसैले संगठनको विस्तार भन्नु विचारको विस्तार हो । समस्याहरुसँग सोझै जम्काभेट गर्ने र त्यसको समाधानका लागि वैकल्पिक उपायहरुको खोजी गर्ने प्रक्रियाले नै विचार र अन्ततः संगठनलाई फैलाउँछ । विचारलाई व्यवस्थित रुपमा निरन्तर प्रवाहित गरिरहने प्रक्रियाले नै संगठनको स्वरुप निर्धारित हुन्छ । त्यसैले नेतृत्व भनेको पनि वास्तवमा विचार र कार्यक्रम नै हो । विचारलाई पन्छाएर गरिने संगठन संकुचित र अस्थायी हुन्छ । विचार र कार्यक्रमलाई सामुहिक रुपमा अघि बढाउनुपर्दा संगठनको आवश्यकता भएको हो । संगठन र सामुहिकता भन्नासाथ त्यसमा विविधता पनि हुन्छ । सामान्यतया कुनै पनि संगठनले एउटा मुल आदर्श र केही सिद्धान्तहरु स्थापित गरेको हुन्छ । यसमा सहमत हुनेहरु नै एउटा संगठनमा आवद्ध हुने हुन ।

संगठन व्यवस्थापन अर्को महत्वपूर्ण कार्य हो । संगठनभित्रका कठिनाई र सुविधालाई ध्यानमा राखेर चुस्त र सरल व्यवस्थापन गर्नुपर्दछ । विचार, कार्यशैली र प्राथमिकतालाई लिएर हुने द्धन्द्धले हानी पुऱ्याउँदैन । यसको सही व्यवस्थापन हुने हो भने यसको आवश्यकता रहन्छ । द्वन्द्व वा प्रतिस्पर्धाले विचारमा परिष्कार र त्यसको बाहक संगठनमा स्फूर्ति ल्याउँछ तर कुनै पनि द्वन्द्व विचार र कार्यक्रम केन्द्रित हुनुपर्छ र निश्चित विन्दुमा पुगेपछि त्यसको व्यवस्थापन गरिनुपर्छ ।

*संगठनलाई निर्माण गरेर परिचालन गर्न सकिएन भने त्यो जिवन्त बन्दैन । अधिकार प्राप्तिको लागि सदस्यहरुलाई बैचारिक तथा व्यवहारका हिसाबले जहिले पनि सवल र सक्षम बनाउनु पर्दछ । प्रत्येक संगठनमा संगठन र उनीहरुको समुदायको वर्तमान अवस्थाको विषयमा गहिरो छलफल चलाउनु पर्दछ । प्रत्येक समुदायको सवाल र अडान तय गर्नुपर्दछ । जसले संगठनको मागलाई स्पष्ट गर्दछ ।*

संगठनलाई विकेन्द्रीकृत स्वरुपमा निर्माण गर्नु आजको आवश्यकता हो । अधिकार र दायित्वलाई धेरै भन्दा धेरै विकेन्द्रित र वितरित गरेर मात्रै संगठनलाई बलियो बनाउन सकिन्छ । त्यसैले हाम्रा संगठनमा पनि विकेन्द्रित व्यवस्थापनको प्रवेश आवश्यक छ ।

### ६. संगठन निर्माण र परिचालनमा अभियानकर्ताको भूमिका

समुदायको अवस्थाको गहिरो अध्ययन र विश्लेषण नगरी संगठन निर्माण गर्न सम्भव हुदैंन । यसरी निर्माण भएका संगठनले परिवर्तन ल्याउने भन्दा पनि अभियानमा बोझ थप्छन् । यसको लागि समुदाय तहमा संगठन निर्माण हुनुपूर्व पनि गहिरो छलफल र बुझाई बनाउन आवश्यक छ । यसका लागि अभियानकर्ताले संगठन निर्माण गर्ने समुदायको बारेमा राम्रो जानकारी राख्नुपर्दछ । हल्का र सतही फाल्तु कुरामा कोही पनि लाग्दैनन् । आधारभुत परिवेशको अध्ययन, सम्बन्धित क्षेत्रको जाँचबुझ र अध्ययनविना कसरी संगठन गर्न सकिन्छ र ? फेरी नजानी नबुझि बोल्ने हक पनि त हुदैंन । त्यसैले स्थानीय परिवेशको मसिनो विश्लेषण गर्नु अभियानकर्ताको पहिलो काम हो ।

आधारभूत वर्ग अन्तर्गत सामन्ती उत्पीडनबाट थिचिएका र मिचिएका ग्रामीण किसानलाई एकतावद्द नगरी हुँदै हुदैंन र यो गर्न सजिलो पनि छैन । यो गर्न लामो मेहेनत र अभ्यासको खाँचो पर्दछ । संगठन निर्माण गर्ने भनेको समूह बनाउने मात्र होईन । घरदैलोमा पुगेर उनीहरुको दुखसुखमा नजिक भएर विचार र व्यवहारले समेत प्रभावित पारेपछि मात्र संगठनको निर्माण हुन्छ । अभियानकर्ता गाउँमा एक दुई घण्टा गएर पाहुना जस्तो भएर संगठन बन्दैन । हामी आफैं नउठी कसैले मुक्ति गरिदिदैंन भन्ने कुरालाई राम्ररी बुझाउन मेहेनत चाहिन्छ ।

अभियानकर्ताले संगठनबीचमा नियमित छलफल चलाउनु पर्छ । छलफललाई व्यवस्थित र उद्देश्यमुलक बनाउन सामाग्रीको व्यवस्था र संयोजनपनि महत्वपूर्ण हुन्छ । बैठक तथा छलफलमा के कुरा गर्ने ? सधैं एउटै कुरा गरेर त्यसले राम्रो परिणाम दिदैंन । संगठन निर्माण हुँदैंमा दायित्व पुरा भएको ठान्ने चलन हट्नु आवश्यक छ । टोल र बस्ती बस्तीमा निर्माण भएका संगठनलाई नियमित बनाउन प्रयत्न गर्नुपर्दछ । सदस्यलाई जुझारु बनाउँदै अन्याय र शोषणको विरुद्द उभिन तयार पार्नुपर्दछ ।

हाम्रा हरेक कार्यक्रमलाई आन्दोलनसँग जोडेर हेर्नुपर्दछ । जस्तो अध्ययन, लेखन, छलफल, समन्वय आफुले गर्न लागेको काममा रमाउने र सिक्ने प्रक्रियालाई आत्मसाथ गर्नुपर्दछ । आफ्ना अनुभव र अनुभुतीलाई बाहिर ल्याउनुपर्दछ । जनताका स्थानीय समस्यामा स्थानीय संगठनले पहल गर्ने, दुख, पीर, मर्का, अन्याय र शोषणका विरुद्ध आवाज बुलन्द गर्ने र यसो गरेर जनसाधारणलाई आफ्नो संगठनमा अनुभुती गराउने प्रयास गर्नुपर्दछ ।

असल र क्षमतावान अभियानकर्ताले कसैको निर्देशनमा र पैसासहित योजनामा भएका मात्र काम नगरी आफ्नै पहलता र स्रोतमा अभियान गर्नुपर्दछ र संभावनालाई फराकिलो रुपमा खोजी गर्नुपर्दछ । संगठनले आयोजना गरेका धर्ना, जुलुस, ज्ञापन-पत्र, घेराउ, चक्काजाम, विरोध सभा जस्ता अभियानमा सक्रियतापूर्वक सहभागी हुनुपर्दछ ।

**७. र. अन्त्यमा,**

संघर्ष वा आन्दोलन कुनै रहरको विषय होईन । यो कसैको करबल वा कसैको निम्ति गरिदिने विषय पनि होईन । यदि हामीहरु शोषण र अत्याचारको मारमा पशुवत जीवन बिताउन बाध्य छौं भने त्यसबाट मुक्ति पाउन संघर्ष वा आन्दोलनमा आफैं उठ्नुपर्दछ । हाम्रो मुक्ति कसैको दया र कृपाले आउने कुरा नभई यो हाम्रै चेतना र शक्तिको आधारमा सम्पन्न हुने प्रक्रिया हो ।

आन्दोलन कसैको व्यवसाय र स्वार्थको विषय होईन । यस्तो गलत प्रक्रियाको थालनी कहीं कतै हुन्छ की भनेर पनि हामी हमेसा सतर्क हुनुपर्दछ । हामी जहिलेपनि किन संगठन र प्रचारको काम गरिरहेका छौं ? भन्ने कुरामा सचेत हुनु आवश्यक छ । निर्माण भएका संगठन र गरिएका आन्दोलनले अधिकारबाट वञ्चितको जीवनस्थितिमा परिवर्तन ल्याउने अवस्था सिर्जना भएन भने संघर्ष वा आन्दोलन प्रति नै वितृष्णा बढ्दै जान्छ तसर्थ आन्दोलन गर्ने कुरा कुनै लहड होईन । यस्तो आन्दोलन अत्यन्त व्यवस्थित, उद्देश्यमुलक र संगठित हुनु आवश्यक छ, जुन असल र बलियो संगठनमार्फत मात्र गर्न सकिन्छ ।

**सन्दर्भ सामाग्रीः**


- राष्ट्रिय भूमि अधिकार मञ्चको घोषणापत्र : २०६१
- नयाँ नेपालको प्रस्तावना, नरहरी आचार्य
- किसान आन्दोलनका ५० वर्षः किसान आन्दोलन उठाउन ध्यान दिनुपर्ने महत्वपूर्ण कुराहरु पृष्ठ ४५
- सामुदायिक संगठन किन र कसरी : २०५५, सरिता माझी र साथीहरु, स्पेस ■


# जग्गा नहुँदा आफै बिक्री भए झै लाग्छ

'मसँग प्रमाणको नाममा केही छैन । अरुकै जग्गामा १० वर्षदेखि घर बनाएर बसेको छु । अरुको जग्गामा बसोबास गर्दा आफैं बिक्री भएको जस्तै महशुस गरेको छु । ५ वर्षदेखि कमाउँदै आएको जग्गा अहिले खोस्न लागे गाउँका धनीले ।' यी भनाई सिराहा जिल्लाका गोविन्दपुर-६ निवासी अजय सदाय, ३२ को हो, उनका दुइ सन्तान छन् ।

उनी भन्छन् - 'म जहान परिवारहरुको जीविकोपार्जनको लागि जमिन्दारको जग्गामा बसेको हुँ । बिरामी भएपनि बाध्यताले जमिन्दारको खेतमा काम गर्नुपर्छ । एकदिनको ज्यालावापत ४ केजी अन्न मात्र पाउँछु । ४ केजी धानको रकम ३०-४० रुपैया हुन्छ । त्यसैबाट परिवार चलाउन धेरै नै गाह्रो हुन्छ । खान पुग्छ भने लगाउन पुग्दैन । लगाउनपुग्छ भने खान पुग्दैन । कुनै दिन बिरामी पर्दा र अर्कै ठाउँमा अलि बढी ज्यालामा काम गर्दा साहुले गाली बेइज्जती गर्छ । घर भत्काउन थाल्छ र कुटपिट गर्ने गर्छ । जग्गा नभएको व्यक्तिलाई पशु समान व्यवहार गर्दा रहेछन् ।'

जमिन्दारको जमिनमा घर बनाएर बसोबास गरेकोले उनी जन्जिरमा बाँधिएको महशुस गर्छन । "खोस्न लागेको ऐलानी जमिनमा पहिले अर्कै थियो, उसलाई उपचार गर्न रु ५० दिएको थिए तर उसको मृत्यु भयो । दिएको पैसा चुक्ता गर्न सकेन । एकवर्षसम्म उसको जग्गा बाँभ्को रहयो । त्यसपछि मैंले खेती गर्न थाले । जमिन्दारले कमाइ गर्देआएको जग्गा उसँग लिएको ऋण ५ सय चुक्ता गरेपछि मात्र जोत्न दिन्छु भनेर खोस्यो ।' उनी दुःखेसो पोख्छन् ।

"तर भूमि अभियानकर्ताहरुले संगठन बनाई दिएर जमिन्दार र हामी पीडित पक्षबीच छलफल गराएकोमा अहिले म ढुक्क भएको छु । जमिन्दारले अब केही भन्न सक्दैनन्, म स्वतन्त्रपूर्वक अरु ठाउँ पनि काम गर्न जान सक्छु ।" उनी भन्छन् ।

**श्री ५ बाट 'माघ १९' को शाही घोषणापछि आफ्नै अध्यक्षतामा सरकार गठन गरिबक्सेपछिको पहिलो मन्त्री परिषदले जारी गरेका २१ बुँदे कार्यक्रमको तेस्रो नम्बरमा भनिएको छ, 'सुकुम्बासी, भूमिहीन किसान र मुक्त कमैयाको गाँस-बासको व्यवस्था गर्न भूमि बैंकको व्यवस्था गरी न्यायोचित ढंगबाट भूमि वितरण गरिने छ ।' त्यसै अनुसार चैत २५ गते नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर लेखनाथ भुसालको नेतृत्वमा सात सदस्सीय समिति गठन गरेको थियो । कृषि विकास बैंक, राष्ट्रिय योजना आयोग, गरिवी निवारण कोष, कानून, अर्थ र भूमिसुधार मन्त्रालयको प्रतिनिधित्व रहेको सो समितिलाई एक महिनाको म्यान्डेट दिइएकोमा १५ दिनको थप समयसहित जेठ १० गते समितिले प्रतिवेदन बुझाइसकेको छ, सरकारलाई । जसमा भूमिसुधारको अल्पकालीन र दीर्घकालीन दुई खालका कार्यक्रम अघि सारिएका छन् ।**

## भूमिसुधारलाई कुल्चिएर

# भूमि बैंक

■ माधव ढुङ्गेल

भूसाल समितिको प्रतिवेदनअनुसार सरकारको स्वामित्वमा रहेको पर्ती, बाँझो र नदीउकासका वितरणयोग्य जग्गा सरकारवाट निश्चित मूल्याङ्कनको आधारमा वा अन्य तरिकाबाट प्राप्त गरिन्छ र त्यस्ता जग्गा भूमिबैंकमा राखिन्छ । ती जग्गाहरु भूमिहीनहरुलाई 'बेच्ने' काम भूमिबैंकले गर्नेछ । भूमिमाथि भूमिहीनहरुको स्वामित्व बढाई गरिबी घटाउनमा सहयोग पुऱ्याउनु भूमिबैंकको प्रमुख उद्देश्य रहेको छ । प्रस्तावित भूमिबैंकले सुकुम्बासी, भूमिहीन किसान र मुक्त कमैया परिवारलाई गाँसबासको व्यवस्था गर्ने कार्य गर्नेछ । प्रतिवेदनमा भनिएको छ, "द्वैध स्वामित्व अन्त्य गर्ने कार्यक्रम अन्तर्गत जग्गाधनीको भागको जग्गा जग्गाधनीसँग खरिद गर्न मोहीलाई ऋण तथा सोसँग सम्बन्धित अन्य सहयोग उपलब्ध गराउनु पनि भूमि बैंकको मुख्य काम हुनेछ ।"

निश्चित मुल्य तिरेर वा अन्य उपायले सरकारबाट जग्गा प्राप्त गरी भूमिहीन किसानलाई त्यस्तो जग्गा खरिद गर्न तथा बिक्रेता (जग्गाधनी) सँग जग्गा खरिद गर्न सोही जग्गाको धितोमा भूमि बैंकले ऋण प्रदान गर्नेछ । भूमिहीनले धेरै जग्गा खरीद गर्न नसक्ने हुँदा थोरै जग्गाको व्यवसायिक उपयोगबाट उत्पादकत्व बढाई सोही जग्गाको उत्पादनबाट गाँसबासको समस्या समाधान गर्ने मात्र हैन, ऋणको निश्चित साँवा-ब्याजको किस्ता तिर्न किसानलाई सक्षम बनाउने लक्ष्य पनि भूमि बैंकको छ । तर, कृषिउपजको मूल्य हेर्दा ढुटो भन्दा धान सस्तो हुने हाम्रो परिवेशमा परम्परागत कृषिवाट यो लक्ष्य हासिल हुन सक्ने देखिन्न । लागतमा व्यापक बृद्धि भएको तर कृषिउपजको भाउ पहिलेभन्दा पनि सस्तो हुँदै गएको हाम्रो सन्दर्भमा त्यो त्यति सजिलो छैन । सायद त्यसै कारणले पनि हुन सक्छ,




यसको अवधारणा सार्वजनिक नहुँदै भूमिहीनहरुले स्थानीय रुपमा यसको विरोध थालिसकेका छन् । प्राप्त गर्ने जग्गाकै धितोमा ऋण प्रदान गरेर त्यस्तो जग्गाको उत्पादनले किसानको विहान-बेलुकीको समस्या हल गर्ने र ऋण तिर्ने क्षमताको विकास गराउनु नै भूमिबैंकको अवधारणा भएको प्रतिवेदनमा लेखिएको छ ।

जग्गा प्राप्त गर्ने र सो जग्गा खरिद गर्न सोही जग्गाको धितोमा ऋण दिने बाहेक कुनै पनि व्यक्तिलाई जग्गाधनीसँग जग्गा किन्न भूमिहीन किसानलाई ऋण दिने कार्य पनि भूमिबैंकले गर्नेछ । भूमिबैंकबाट ऋण लिई खरीद गरेको जग्गाको विकासका लागि

ऋण दिनेदेखि खेती गर्न मलखाद, बिउविजन लगायतका सामग्रीहरु खरीद गर्न ऋण दिने वा त्यस्ता सामाग्री बिक्रेताबाट आवश्यक सामाग्री प्राप्त गर्न सक्ने व्यवस्था मिलाइदिने काम पनि भूमि बैंकले गर्ने उल्लेख गरिएको छ । 'भूमिबैंकले गर्ने कार्यहरु' को ८ नम्बर बुँदामा लेखिएको छ, "भूमि बैंकले लगानी गर्ने कूल रकममध्ये ७० प्रतिशत रकम जग्गा खरीद गर्न ऋण उपलब्ध गराउने र बाँकी ३० प्रतिशत रकम अनुदानको रुपमा त्यस्ता जग्गाको पूर्वाधार विकास (सिंचाइ, कुलो, ट्युववेल, खानेपानी, ढलनिकास आदि) जस्ता आधारशिलाको विकासमा लगाउने ।"

दीर्घकालीन लक्ष्य अनुसार, शुरुमा पूर्ण सरकारी स्वामित्वमा एक अर्ब रुपियाँको चुक्ता पूँजी रहेको भूमि बैंक स्थापना गर्ने उल्लेख गरिएको छ । बैंकलाई भविष्यमा शेयर बिक्रीको माध्यमबाट अर्धसरकारी वा निजीमा परिणत गर्न सकिने छ । अल्पकालीन कार्यक्रमको रुपमा भूमि बैंक योजना बाँके र कैलाली जिल्ला अन्तर्गतका छानिएको क्षेत्रमा 'पाइलट' परियोजनाको रुपमा सञ्चालन गरिने भएको छ । भूमि बैंकको स्थापनाको लागि आवश्यक कानुन र पूँजीको व्यवस्था नहुन्जेल भूमिहीन मुक्त कमैयालाई जग्गा खरीद गर्न ऋण प्रदान गर्ने गरी अल्पकालीन रुपमा कृषि विकास बैंकमार्फत कार्यक्रम सञ्चालन गर्न सिफारिश गरिएको छ । यस्ता कार्यक्रम नगरपालिका वा राजमार्गबाट पाँच किलोमिटरभित्र पर्ने स्थानमा लागू गर्न पनि सिफारिश गरिएको छ । सिफारिसअनुसार तत्काले कार्य थाल्न चालु आर्थिक वर्षको लागि सरकारले कृषि विकास बैंकलाई रकम उपलब्ध गराउने छ र बैंकले सो काम गरिदिएवापत एक प्रतिशत सेवाशुल्क लिनेछ । सो रकमवाट भूमिहीन मुक्त कमैया परिवारलाई एक विगाहासम्म जग्गा खरीद गर्न ऋण उपलब्ध गराउने छ । उपलब्ध गराइएको ऋणको किस्ता सुरुको दुई वर्ष तिर्नुपर्दैन भने तेस्रो वर्षदेखि १३ वर्षसम्ममा वार्षिक किस्ताको हिसाबले ऋण चुक्ता गरिसक्नु पर्नेछ । यस्तो ऋणमा वार्षिक तीन प्रतिशत ब्याज कायम गर्ने र ब्याज मासिक रुपमा बुझाउनु पर्ने तोकिएको छ ।

क्रेता-विक्रेताबीच सहमति भएको मूल्य उचित भए-नभएको सम्बन्धमा छानबिन, नमूनाको रुपमा लागू गर्ने गाविस वा नगरपालिकाको वार्ड छान्ने, ऋण उपलब्ध गराउन सिफारिश गर्ने जस्ता कामको लागि एउटा समिति गठन गरिने छ, जसमा जिल्ला विकास समितिको सभापति अध्यक्ष रहने प्रावधान छ भने प्रमुख मालपोत अधिकृत, जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि र कृषि विकास बैंकको जिल्ला शाखा प्रबन्धक सदस्य रहने छन् । सदस्य सचिवको रुपमा भूमिसुधार अधिकारी रहने सिफारिश समितिले गरेको छ । तर, भुसाल समितिले अध्यक्षका रुपमा सिफारिश गरेको जिविस सभापति तीन वर्षदेखि रिक्त छ ।

हाम्रो सन्दर्भमा भूमि बैंकको अवधारणा २०५१ सालमा केशव बडालको अध्यक्षतामा गठित उच्चस्तरीय भूमिसुधार आयोगले अघि सारेको हो । दशौं योजना (२०५९-२०६४) मा पनि भूमि बैंक उल्लेखित छ, तथापि सरकारले कार्यक्रमका रुपमा भने २०६० सालमा सूर्यबहादुर थापाको नेतृत्वको सरकारका अर्थमन्त्री प्रकाशचन्द्र लोहनीमार्फत अघि सारेको हो । त्यसबेला दस्ताबेजको रुपमा लिखित प्रस्ताव नै तयार गरियो । जसमा बर्दिया, कैलाली र दाङ गरी तीन जिल्लामा भूमि बैंक स्थापित गरी कार्य अघि बढाउने र बैंकको मुख्यालय कैलालीको धनगढीमा स्थापना गर्नेसम्म उल्लेखित थियो । तीन जिल्लाका लागू गरिने भनेर तयार गरिएको प्रस्तावित सो अवधारणापत्रमा उल्लेख गरिएअनुसार, ती जिल्लामा मोहीको अधिकारमा २८ हजार तिन सय ४७ विगाहा जग्गा छ । त्यसको आधा हिस्सा मोहीले स्वतः पाउने हुनाले त्यसको आधा जग्गा किन्न मात्र सरकारले ऋण दिनुपर्ने र त्यसअनुसार प्रति विगाहा ८० हजार रुपैयाँको दरले एक अर्व १४ करोड रुपियाँ तिर्नुपर्ने अनुमान गरिएको थियो । पहिलो दुई वर्षसम्ममा भूमि बैंकबाट १८ हजार मोही र ६ हजार बधुवाले सेवा पाउने र त्यसका लागि सरकारले ७६ करोड २० लाख रुपैयाँ लगानी गर्नुपर्ने अनुमान पनि गरिएको थियो ।

> *भूमि बैंकको स्थापनाको लागि आवश्यक कानुन र पूँजीको व्यवस्था नहुन्जेल भूमिहीन मुक्त कमैयालाई जग्गा खरीद गर्न ऋण प्रदान गर्ने गरी अल्पकालीन रुपमा कृषि विकास बैंकमार्फत कार्यक्रम सञ्चालन गर्न सिफारिश गरिएको छ ।*

त्यो कार्य शुरु नहुँदै थापा सरकार ढल्यो । त्यसपछि गठित देउवा-एमाले सरकारका अर्थमन्त्री भरतमोहन अधिकारीले अध्यादेश मार्फत ल्याएको आर्थिक वर्ष (२०६१/०६२) को बजेटमा भूमि बैंक स्थापनाको कुरो अघि सारे, "भूमिहीनहरुका लागि भूमि बैंक स्थापना गरिने" घोषणा गरेर । जसको लागि 'भूमिसुधार र मुक्त कमैया पुनर्स्थापना कार्यक्रम' को लागि ६ करोड ६ लाख रुपैयाँ मात्र विनियोजन गरियो । विश्व भूमि बैंकले भूमि बैंकको स्थापनार्थ दुई करोड अमेरिकी डलर बराबर ऋण दिने चर्चा पनि चर्चामै सीमित रहेको छ ।

आर्थिक वर्ष २०६२/०६३ को बजेट तथा कार्यक्रममा पनि भूमि बैंक स्थापना गर्ने दोहोऱ्याइएको छ । अवधारणागत हिसाबले हेर्दा जसरी बैंकमा वचत गर्नेले पैसा जम्मा गर्छन र व्यापार व्यवसाय गर्नेले झिक्छन, त्यस्तैगरी भूमि बैंकमा सबै किसिमका जग्गा जम्मा हुन्छ । आवश्यक पर्नेले सो जग्गा प्राप्त गर्न सक्छ । त्यस्तो जग्गा किन्न निश्चित वर्गलाई ऋण पनि प्रदान गरिन्छ । यसरी हेर्दा देशभरिबाट हदवन्दी कायम गरी त्यसबाट प्राप्त हुने हदभन्दा बढी जमीन, राज्यले वितरणयोग्य भनी ठहर गरेको जमीन, बनले पनि कब्जा नगरेको र खनजोत पनि नभई रहेको बाँझो जमीन, नदीको तटबन्ध गरिएपछि प्राप्त हुने र नदीउकासको जमीन सबैको तथ्यांक भूमि बैंकमा हुन्छ । यसबाट योजनाबद्ध वितरणको आधार तयार हुन्छ । देशको भूमिहीनताको समस्या हल गर्न योगदान गर्न चाहने राष्ट्रिय/अन्तर्राष्ट्रिय क्षेत्रबाट सहयोग स्वरुप प्राप्त पूँजी पनि यसै बैंकमा रहन्छ भने भूमि वितरणको योजना,

कित्ताकाट, नक्साङ्कन पनि भूमि बैंकमार्फत गरिन्छ ।

जमीनदेखि नगदसम्म भूमिसुधारका सबै वस्तु यसै बैंकमा राखिन्छ भने त्यसलाई राज्यले योजना गरेर कसलाई प्राथमिकता दिने भन्ने पनि यसै बैंकले निर्णय गर्नसक्छ । विशेषत : भूमिसुधार कार्यक्रम सफल भैसकेपछिको अवस्थामा दीर्घकालीन भूमि व्यवस्थापन रणनीति अनुरुप भूमिबैंकले कार्य गरिरहेका पाइन्छ, समग्र भूमिसुधारका रुपमा भन्दा भूमि व्यवस्थापनको एउटा औजारका रुपमा । यस मार्फत निश्चितवर्ग वा समुदायको हितमा कार्य गर्न सकिन्छ । अर्थात, जग्गा चाहने भूमिहीन गरिब जाति वा वर्गलाई सुपथ ब्याजमा जग्गा किन्न ऋण दिने र त्यसै भूमिको उपजबाट ऋण तिर्न सक्ने गरी किस्ताबन्दीमा तिर्न सहुलियत दिने कार्य पनि भूमि बैंकको हो । यस्तो भूमि बैंकले सिंचाई, कृषि सडक, कृषि मजदुरको उत्थान गर्ने कार्य पनि गर्दछ । तर, यो भूमिसुधार लागू भैसकेको अवस्थामा दीर्घकालीन भूमि व्यवस्थापन गर्ने कार्य सञ्चालनार्थ प्रयोग गरिनु पर्ने हो । न कि हाम्रो जस्तो भूमि सम्बन्धी विद्यमान ऐन-कानून समेत प्रयोग नभैरहेको र सरकारले पटक-पटक प्रयास गर्दा पनि व्यवहारमा भूमिसुधार लागू गर्न नसकिरहेको अवस्थामा ।

> *विशेषत : भूमिसुधार कार्यक्रम सफल भैसकेपछिको अवस्थामा दीर्घकालीन भूमि व्यवस्थापन रणनीति अनुरुप भूमिबैंकले कार्य गरिरहेका पाइन्छ, समग्र भूमिसुधारका रुपमा भन्दा भूमि व्यवस्थापनको एउटा औजारका रुपमा ।*



## विदेशमा भूमि बैंक

हाम्रो सन्दर्भमा नयाँ प्रयोग भएपनि फिलिपिन्स, घाना, युगान्डा, ब्राजिल, बोलिभिया, जिम्बाबे, ग्वाटेमाला जस्ता विभिन्न देशहरुमा भूमि बैंक प्रचलनमा छन् । यो नेपालमा एकदमै नयाँ प्रयोग भएपनि संसारमा यो धेरै पुरानो हो । इजिप्टमा सन् १९४७ जनवरी ९ मा भूमि बैंक स्थापना भएको थियो- 'अरब ल्यान्ड बैंक' नामबाट । जुन सन् १९९९ को जुन १६ मा 'इजिप्सियन रियल स्टेट बैंक' मा गाभियो । अहिले 'इजिप्सियन अरब ल्यान्ड बैंक' को नामले क्रियाशील छ । ताइवानको ताइपेइमा सन् १९२२ मा राज्यले घरजग्गा व्यवस्थापनमा दीर्घकालीन ऋणको रुपमा वित्तीय लगानीको व्यवस्था गरेको पाइन्छ, विशेषतः कृषि र सिंचाइमा । ८३ वर्ष लामो इतिहास बोकेको यो बैंक सन् १९९८ को डिसेम्बर २१ मा केन्द्रिय सरकारलाई हस्तान्तरण गरियो ।

२०६० सालमा नेपालमा खोल्ने तयारी गरिएको भूमि बैंक 'ब्राजिलियन' मोडलको हो । ब्राजिलमा पनि जमीन उपयोग गर्न नसक्ने भूमिपतिको जग्गा राज्यले किनिदिने र भूमि चाहने किसानलाई बेच्ने संस्थाको रुपमा स्थापित गर्न खोजिएको थियो । जसको भूमिसुधारको अवधारणालाई 'डिस्टोर्ट' गर्न खाजेको भन्दै विरोध पनि भयो । अहिले पनि यसै अवधारणालाई नयाँ ढंगले निरन्तरता दिन खोजिएको अनुमान गरिंदैछ ।

## जग्गा माओवादीको कब्जा

२०५८ साउन ३२ गते 'परिवर्तनकारी भूमिसुधार' लागू गर्ने घोषणा गरेपछि, पार्टी भित्रै आलोचित प्रधानमन्त्री शेरबहादुर देउवाले आफ्ना निकटस्थहरुलाई भनेका थिए, "प्रचण्डले जग्गा बाँड्नु अघि नै मैले किन नबाँड्ने ?" तर, देउवा भन्दा प्रचण्ड नै अगाडि देखिए, जग्गा बाँड्न । माओवादीहरुले मध्य र सुदूरपश्चिम तराईमा भूमिपतिहरुको जग्गा कब्जा गरेर हरेक भूमिहीन परिवारलाई एक विगाहाका दरले बाँड्ने काम गरिरहेको एक वर्ष नाघिसक्यो । देशभरिका आफ्नो प्रभाव क्षेत्रमा जग्गा किनबेचमा रोक लगाएको त वर्षौं भैसकेको छ । देशका अधिकांश ग्रामीण भेगमा जग्गा बेचविखन बन्द गरिएको छ । कसैले माओवादीको आदेश विपरित बेच्छ भने निश्चित छ, उ त्यो गाउँबाट निष्कासित हुन्छ वा मोटो रकम 'कर' स्वरुप विद्रोहीहरुलाई बुझाउँछ । अझ विस्थापित 'भूमिपति'हरुले आफ्नो जग्गाको क्षतिपूर्ति सरकारले दिनुपर्ने माग अघि सार्दैआएका छन् । बर्दियाको राजापुरका 'जमिन्दार' पूर्वमन्त्री दमनध्वज चन्दले दाबी गर्दै भने, "हाम्रो भूमि माओवादीले कब्जा गरेको छ । सरकारले हाम्रो जग्गाको क्षतिपूर्ति दिनुपर्‍यो वा हामीलाई त्यहाँ गएर बस्न सक्ने वातावरण बनाउनु पर्‍यो ।" सरकारले जति सुकै गफ गरेपनि अहिलेको परिस्थितिमा

भूमि बैंकमार्फत जग्गाको किनबेच हुनसक्ने कुरामा प्रशस्त शंका गर्न सकिन्छ ।

एकातिर द्वन्द्वको यस्तो चपेटामा मुलुक छ । देशका अधिकांश ग्रामीण भेगमा सरकारको उपस्थिति नै छैन । त्यसैले भूमि बैंकको कार्यान्वयनमा शंका गर्ने प्रशस्त आधार देखिन्छन् । अर्कातिर भूमिहीनहरु ऋण लिएर जग्गा किन्ने मानसिकतामा पनि छैनन् । देशभरी 'भूमि हाम्रो अधिकार हो' भन्ने नाराका साथ भूमिहीनहरु आन्दोलनको लागि प्रयत्नशील छन् । गत असोजमा सिरहा-सप्तरी क्षेत्रका भूमिहीन दलितहरुले पनि ठुलै आन्दोलनको घोषणा गरेर यो आवाज उठाएका थिए । त्यस आन्दोलनका नेता बलदेव रामको भनाइ छ, "ऋण लिएर जग्गा किनेर हामी पुनः ऋणमा फस्न चाहन्नौं ।" भूमिको आधारभूत सिद्धान्त के हो भने जमिनराज्यको सम्पत्ति हो, जसले वास्तवमा यसको उत्पादनशील उपयोग गर्छ, यो त्यसले उपयोग गर्न पाउनु पर्छ । कसैको मेरो सम्पत्ति भनेर दावी गर्दै यो लामो समयसम्म बाँझो राख्न पनि पाउँदैन । किनभने, राज्यको जमीन बढाउन वा घटाउन नसकिने सम्पत्ति हो । यसको तुलना चल सम्पत्तिसँग गर्न मिल्दैन ।

## निश्कर्ष

विगतका भूमिसुधारका प्रयास र त्यसको प्रतिफल हेर्दा लाग्छ कार्यान्वयनमा शासकहरु इमान्दार नहुनाले नै व्यवहारमा यो लागू हुन नसकेको हो । ०२१ सालको भूमिसुधारको घोषणापछि डेलिगेसन आएका तराईका जिमिदारहरुलाई जमिन लुकाउन छुट दिइएपछि आन्दोलित जिमिदार मत्थर भएका थिए । अहिलेको अवस्थामा देशभरी कसको स्वामित्वमा कहाँ कति जग्गा छ, त्यसको अभिलेखसम्म सरकारसँग छैन । यस्तो अवस्थामा सरकारले भूमिसुधारको गफ गर्नु भनेको अध्यारोमा ढुङ्गा हान्नु जस्तो हो । यदि सरकार वास्तवमै भूमिसुधार लागू गर्न चाहन्छ भने सर्वप्रथम कहाँ कसको नाउँमा कति जग्गा छ र त्यो कुन अवस्थामा छ ? त्यसको अभिलेख अद्यावधिक बनाउन लाग्नुपर्छ । जुन अहिले छैन ।

नदी उकास, पर्ती जग्गाको पनि अभिलेख तयार गर्नुपर्छ भने वास्तविक भूमिहीनहरुको पहिचान पनि सर्वप्रथम गर्नुपर्छ । कृषि मजदुर र किसानको छुट्टाछुट्टै तथ्याकं संकलन गर्नुपर्छ । कृषिमा निर्भर हुने भूमिहीनको सूची तयार गरेपछि मात्र भूमिसुधारको चर्चा थाल्नु इमान्दारी हुनेछ । तर, विस्थापित जमिन्दारको जग्गा किनिदिने नियतले भूमि बैंक खोल्न लागेको आरोप अहिले सरकारमाथि लागेको छ । त्यसो गरिनु बेइमानी हुनेछ । भूमि भनेको राज्यको सम्पत्ति हो, यो चल सम्पत्ति जस्तो हैन भन्ने मान्यताको आधारमा कानूनी व्यवस्था गरिनुपर्छ । भूमिमा आश्रित परिवारलाई जग्गा उपलब्ध गराउने नीति अख्तियार गरिनु आवश्यक छ । अझ, भूमिहीनताको समस्याको स्थायी समाधान भनेको

> *०२१ सालको भूमिसुधारको घोषणापछि डेलिगेसन आएका तराईका जिमिदारहरूलाई जमिन लुकाउन छुट दिइएपछि आन्दोलित जिमिदार मत्थर भएका थिए*

कृषिमाथिको निर्भरता घटाउनु हो । यसको सट्टा उद्योगमा संलग्न गराउन सकेमा देशको उन्नती हुने र गरिबी निवारणको लक्ष्य प्राप्तिमा सघाउ पुग्नेछ ।

सरकार इमान्दार छैन भन्ने कुराको अर्को प्रमाण भनेको विद्यमान कानूनको कार्यान्वयनमा उसको उदासिनताले पनि प्रमाणित गर्छ । यदि भूमि समस्याको अन्त्य गर्ने हो भने जग्गाको हदबन्दी कडाइका साथ लागू गरेर हदभन्दा बढी अधिकरण गरिनुपर्छ, जुन निःशुल्क रुपमा सबैभन्दा पिछडिएका भूमिहीनलाई वितरण गरिनुपर्छ । भूमि प्रचलित कानूनलाई कार्यान्वयन गरेर जोतभोगको आधारमा मोहियानी हक दिने व्यवस्था लागू गर्ने हो भने झन्डै सातलाख किसान परिवार भूमिका मालिक बन्न सक्छन् । यसले आधाभन्दा बढी भूमिहीनताको समस्या हल गर्नसक्छ । भूमिसमबन्धी ऐन २०२१ को दफा २६ को व्यवस्थाअनुसार, मोहीलाई जग्गा धनीबाट आधा (५० प्रतिशत) जग्गा किन्न सक्षम बनाउने हो भने पनि भूमिमाथिको द्वैध स्वामित्वको अन्त्य हुनेछ । पुस्तौंदेखि बसोबास गरिरहेका तर जग्गाधनीको प्रमाणपूर्जा नपाएका परिवारलाई त्यस्तो पूर्जा प्रदान गरेपछि मात्र भूमिसुधारको कुरा गर्नु सान्दर्भिक हुन्छ । उद्योगका नाउँमा दर्ता भएर वर्षौदेखि बाँझो रहेको जग्गालाई उपयोगमा ल्याउने नीति ल्याउने हो भने भूमिहीनताको समस्या केही हदसम्म कम हुर्नसक्छ । चाहेर पनि बढाउन नसक्ने उत्पादनको साधन भूमि राज्यको सम्पत्ति हो, यसलाई व्यक्तिगत सम्पत्तिको रुपमा वर्षौसम्म बाँझो रहन दिनुहुँदैन ।

भूमिहीनको आधाभन्दा बढी संख्या गाउँमा बस्छन्, जहाँ कृषि एक मात्र रोजगारीको श्रोत हो । त्यसैले भूमिसम्बन्धी कार्यक्रम ती क्षेत्रमा केन्द्रित भएर लागू गरेमा मात्र यसले उपलब्धी दिन सक्छ, न कि शहर वा राजमार्गका पाँच किलोमिटरको सीमाभित्र ।

अहिले भूमिसुधारको साटो भूमिबैंक स्थापना गर्ने तयारी सरकारले गरिरहेको छ । तर, भूमिसुधारको विकल्प भूमिबैंक हुन नसक्ने स्वयम योजना आयोगका निवर्तमान सदस्य हरिकृष्ण उपाध्याय बताउँछन् । हदभन्दा बढीको जग्गा कब्जा गर्ने भूमिसुधारको औचित्य समाप्त नभएको उनी पनि स्वीकार्छन् । नेपालका भूमिहीनहरुको जीवनस्तर सधैं तल रहनुको कारण भनेको उसमाथि रहने ऋणको भार नै हो । अझै अस्तित्वमा रहेका हलिया, कमलरी जस्ता प्रथा साहु कै ऋणको प्रतिफल हो । कृषि विकास बैंकको ऋणकै कारण किसानहरु थप गरिव हुँदै गएका प्रसस्त उदाहरण छन् । चारवर्ष अघि मुक्तिको घोषणा गरिएका कमैयाले पनि जीवनभर अर्काको घरमा नोकरी गर्नुको कारण पनि ऋण नै हो ।

संसारमा कही पनि भूमिसुधार गर्न सफल नदेखिएको भूमि बैंक हामी कहाँ खोल्ने तयारी भैरहेको छ । धेरै विकल्प छँदाछँदै सरकार भूमि बैंकमा नै केन्द्रित हुनुले सरकारको नियत सफा नभएको प्रष्ट हुन्छ । पहिला भूमिसुधार लागू गरेर त्यसको कार्यान्वयन भैसकेपछि भूमि बैंक खोलेमा त जग्गाको नियमित किनवेच गर्न यो केही हदसम्म कामयाबी हुनसक्ला, अन्यथा भूमिबैंक केही शासकको स्थार्थपूर्ति गर्ने साधन मात्र हुने निश्चित छ । ■

# किसान आन्दोलन विगत र वर्तमानः केही अनुभव



### विषय प्रवेश

वर्तमान अवस्थामा विश्वका धेरै मुलुकहरुमा किसान आन्दोलन भैरहेका छन् । समस्या काला र गोरा, आदिबासी र आप्रबासी, महिला र पुरुष, धनी र गरिव जे मा केन्द्रित भएपनि तिनको जरो कारण भने भूमि नै रहेको छ । नेपालभित्रनै हेर्ने हो भने पनि कमैया, आदिबासी, दलित, महिला र अरु धेरै आन्दोलन सबैका मुल जरो भूमिमाथिको अधिकार नै हो । भू-स्वामित्व सम्पूर्ण सम्पत्तिको मुल श्रोत हो र यो ज्यादै ठूलो समस्याको रुपमा छ । जसको समाधानमा नै किसान, मजदुरवर्गको भविष्य निर्भर गर्दछ (भूमिको राष्ट्रियकरण १८७२ मार्च, हिन्दी संस्करण) । त्यसैले विश्वका कृषि मजदुरहरुले सचेत र संगठित रुपमा किसान आन्दोलन अगाडि बढाइरहेका छन् । किसान आन्दोलन कुनै रहरको विषय होइन, यो कसैको कर, बल वा कसैको निम्ति गरिदिने पनि होइन, किसानहरुको मुक्ति कसैको दया होइन, उनीहरुको अधिकार हो । त्यसैले यो आन्दोलन दिनप्रतिदिन फष्टाउँदै छ ।

### नेपालमा किसान आन्दोलनको शुरुवात

नेपालमा किसान आन्दोलन राणा शासन कालमा पनि थियो भन्ने कुरा २००७ मा प्रजातन्त्र आउनुभन्दा अगाडि पश्चिमका अधियामा र हुण्डामा कमाउने किसानहरुको नाममा जग्गा दर्ता गरिएको कुराले प्रमाणित गर्दछ, जसलाई राणाशासनको सबभन्दा प्रगतीशिल कदमका रुपमा लिइन्छ । तर त्यसको केही महिना पछाडि दिल्लीमा भएको सम्झौताअनुरुप बनेको २००७ सालको प्रजातान्त्रिक सरकार ती जमिनहरु जमिनदारकै नाममा फिर्ता गर्न सहमत भयो ( शंकर थापा, नेपालमा किसान विद्रोह २००७-२०१६)। सात सालको प्रजातान्त्रिक व्यवस्थापछि पनि भूमि व्यवस्थापनमा परिवर्तन हुने छाँट नदेखेपछि जनताहरु स्वतस्फूर्तरुपमा आन्दोलनमा उत्रन थाले । २००८ सालको बैशाख २० गते बर्दिया जिल्लाको राजापुरका किसानहरु, कमैया, हलि, गोठालाहरु जमिनदारवर्गको चरमशोषण, उत्पीडन, दमन र भेदभावका विरुद्ध सचेत र संगठित रुपले आन्दोलनमा उत्रिए । सरकार र जमिनदारको विरोधमा उत्रिएका यी किसानहरुमाथि सरकारले अन्धाधुन्ध गोली चलाई ६ जना किसान र गोठालाहरुको हत्या गऱ्यो । विस्तारै किसान आन्दोलनहरु देशका विभिन्न भागमा विस्तार भए । तर सरकारले दमन भने कायमै राख्यो । यी आन्दोलनपछि राजा त्रिभुवनले २००८ सालमा काठमाण्डौंका मोही किसानका लागि मोहियानी हकको व्यवस्था गरे तर सोझा र जमिनदारहरुको नियन्त्रणमा रहेका किसानहरुसँग जोतेको प्रमाण थिएन् । यसबाट मध्यस्थकर्ताहरुले बढी फाइदा उठाए ।

*सन् २००७ देखि ०१७ को अवधिलाई किसान आन्दोलनको महत्वपूर्ण युग मानिन्छ । त्यतिबेला अखिल नेपाल किसान संघले देशभरीका किसानहरुलाई आन्दोलनमा उतारेको थियो ।*

सन् २००७ देखि ०१७ को अवधिलाई किसान आन्दोलनको महत्वपूर्ण युग मानिन्छ । त्यतिबेला अखिल नेपाल किसान संघले देशभरीका किसानहरुलाई आन्दोलनमा उतारेको थियो । यसरी भएका आन्दोलनमा किसान नेता भिमदत्त पन्त डडेल्धुरा, असर्फी शाह रौतहट, भुखलाल महतो बारा, गुम्राहा थारु दाङ., अघोरी यादव सप्तरी र भिमबहादुर सेन पाल्पाको हत्या भएको थियो ।

२००७ सालदेखि २०४६ सालसम्म मूल घटनाका हिसाबले ११३ पटक किसान आन्दोलन भएका छन । जब किसान संगठनलाई किसान संगठनका रुपमा रहन दिइदैंन तब उ बढी क्रान्तीकारी हुन्छ र सक्रिय हुन्छ । त्यसैले नेपालमा २०४६ सालभन्दा अगाडि विशेषगरी कम्युनिष्ट पार्टीहरुका भातृ संगठन अखिल नेपाल किसान संघले किसानको अधिकारका लागि

विभिन्न आन्दोलनहरु संचालन गरिरह्यो जतिखेर पार्टीका नेताहरुले पनि किसान संघमा आफ्नो पदीय दायित्व लिएका थिएनन् । उनीहरु आफ्नो पार्टीलाई किसानको पक्षमा उभ्याउन चाहन्थे । तर २०४६ भन्दापछि राजनैतिक पार्टीका किसान संगठनहरुबाट भूमिअधिकारका लागि आन्दोलनहरु प्रखर रुपमा उठ्न सकिरहेका छैनन् । यसको प्रमुख कारण किसान संघसंगठनमा भूमिहीन तथा जोताहा किसानको नेतृत्व मध्यमवर्ग वा पार्टीका नेताहरुले गर्नु हुनसक्छ । यस अवधीमा भूमि अधिकारबाट वञ्चितहरु स्वयं नै सामाजिक संस्थाहरुको सहजीकरणमा भूमि आन्दोलनमा जुट्ने क्रम भने बढ्दो छ ।

## किसान आन्दोलन (सामाजिक आन्दोलनका रुपमा)

किसानहरुलाई स्वतन्त्र बनाउन जमिनमाथिको सामन्ती शोषणको अन्त्य हुनुपर्छ । यी भनाईहरु विगत चिनिया किसान आन्दोलनदेखि अहिले सामाजिक क्षेत्रमा कार्यरत नागरिक समाजबाट धेरै सुन्न पाइन्छ । अहिले किसान आन्दोलनहरु सामाजिक समूहहरुको सहजीकरणमा अगाडि आइरहेका छन् ।

यी किसान आन्दोलनको उद्देश्य सत्ता प्राप्ति गर्ने होइन । यसले अहिलेको जमिनदारी प्रथाको अन्त्य र जमिनमाथिको अधिकार जोताहा किसानको हातमा हुनुपर्छ भन्ने मूल उद्देश्य राखेको छ । त्यसैले एक शब्दमा भन्दा वर्तमान सामाजिक आन्दोलनहरुले स्वतन्त्रता र अधिकारको ग्यारेन्टीका लागि अधिकारबाट वञ्चित समूहहरुलाई संगठित, सचेत र आन्दोलनका लागि परिचालित हुन सशक्त बनाउने प्रकृयामा सघाएका छन् । सामाजिक आन्दोलनको मुख्य उद्देश्य सामाजिक रुपान्तरण हुन्छ भने राजनैतिक आन्दोलनको उद्देश्य राज्यको शक्ति र सत्ता कब्जा गर्ने हुन्छ । त्यसैले हामीले यी दुई आन्दोलनलाई एउटै आँखाबाट हेर्नु हुदैन ।

सामाजिक आन्दोलन अहिले मात्र शुरु भएको होइन । तर हामी के कुरामा स्पष्ट हुनुपर्छ भने किसान आन्दोलनको पूर्ण सफलता त्यतिबेलामात्र सफल हुन्छ, जतिबेला राजनीतिक शक्तिहरु किसान अधिकारका सवालमा स्पष्ट हुनेछन् । नेपालको सन्दर्भमा जय पृथ्वीबहादुर सिंहले १८ औ शताब्दीमा नै सामाजिक न्याय र अधिकारका लागि आधारभुत शिक्षाको शुरु गरेर सामाजिक आन्दोलनलाई शुरु गरेका हुन । नेपालमा विशेषगरी भूमि, महिला, दलित अधिकारका सवालमा विगतदेखि नै सामाजिक आन्दोलनहरु भैरहेका छन् तर त्यतिखेरको शासन ब्यवस्थाका कारण त्यसको नियमितता हुन नसकेको मात्र हो । त्यसैले सामाजिक आन्दोलनहरु नयाँ होइनन् यसका विशेषता र प्रक्रिया मात्रै फरक भएका हुन । जुलियस न्येरेरेले वि.सं. २०२० तिर नै 'प्रौढ शिक्षा एक सामाजिक आन्दोलन हो,

> - *झुटा आश्वासन दिएर किसानलाई रातारात आफ्नो पक्षमा पार्नुमा हाम्रो कुनै भलाई छैन । किनभने यसो गरे पनि भोलिपल्ट वचन पुरा नभएपछि किसानहरु टाढा हुन जान्छन् ।*
> - *प्रौढ शिक्षा एक सामाजिक आन्दोलन हो, त्यसैले प्रौढ शिक्षाले हरेक सदस्यलाई समान अधिकार र समान अवसर लिनका लागि तयार गर्नुपर्छ ।*

त्यसैले प्रौढ शिक्षाले हरेक सदस्यलाई समान अधिकार र समान अवसर लिनका लागि तयार गर्नुपर्छ' भन्ने कुरा अगाडि सारेका थिए । जुन पूर्णतः सामाजिक आन्दोलन कै रुप हो । सामाजिक आन्दोलनको कुरा गर्दा जनतासँग सामाजिक आन्दोलन वा जनताका लागि सामाजिक आन्दोलन कुन हो भन्ने कुरामा हामी स्पष्ट हुनुपर्छ । वर्तमान अवस्थामा सामाजिक समूहहरुले सहजीकरण गरेका सामाजिक आन्दोलनहरु जनताका लागि हुन तर जनतासँग हुन सकेका छैनन् ।

वर्तमान अवस्थामा संचालन भएको भूमिअधिकारको आन्दोलनलाई पूर्णतः सामाजिक आन्दोलनको रुप नदिइएता पनि त्यसले सामाजिक आन्दोलनको आकार ग्रहण गर्न थालेको छ । त्यसैले यसका विरोधीहरु पनि दिन प्रतिदिन जन्मिरहेका छन् र किसान र अभियानकर्मीहरुकै बीचमा फुट ल्याउने प्रयास पनि भैरहेको छ । यसमा होसियार नभए आन्दोलन गर्भमा नै तुहिने संभावना बढी छ । अभियान आन्दोलनको रुपमा अगाडि बढिरहेको अवस्थामा संगठन, नेतृत्व, सिद्धान्त र परिचालनले पूर्ण आकार बनाउन सकेको छैन तर कार्यक्रमले भने आन्दोलनको पूर्ण आकार बनाइसकेको छ । त्यसैले यो आन्दोलन हुने वा आन्दोलन नै नहुने पो हो कि भन्ने संक्रमणकालीन अवस्थामा पुगेको छ ।

## राजनैतिक पार्टीहरुको भुमिका

"झुटा आश्वासन दिएर किसानलाई रातारात आफ्नो पार्नुमा हाम्रो कुनै भलाई छैन । किनभने यसो गरे पनि भोलिपल्ट वचन पुरा नभएपछि किसानहरु टाढा हुन जान्छन् (एंगेल्स-फ्रान्स र जर्मनीमा किसानका समस्या) ।" यो कुराले नेपालको सन्दर्भमा पनि महत्व राख्दछ । २०४८ सालको चुनावमा होस या २०५१ सालको दुवै चुनावमा राजनैतिक पार्टीहरुले किसानहरुलाई झुटा आश्वासन बाँडे । त्यसैले अहिले किसानहरु पार्टीहरुबाट भूमिसुधार होला भनेर विश्वास कम गर्छन । अहिलेको राजनैतिक चेतनाले पनि किसानहरुलाई वर्तमान शक्ति संरचना र शक्ति सम्बन्धका बारेमा सचेत बनाउँदै लगेको छ । फेरी भूमिको समस्या पूर्णतः संरचनागत समस्या हो । त्यसैले सरकार मात्र परिवर्तन भएर केही हुँदोरहेनछ । सामाजिक तथा आर्थिक परिवर्तनका साथै सामाजिक न्यायमुखी सरकार विना जोताहा किसान तथा भूमिमा आश्रित किसानहरुले हक पाउन सक्ने स्थिति देखिएन । २०४६ सालभन्दा पछि धेरै पटक सरकारहरु परिवर्तन भए तर पार्टीहरुमा 'जसको जोत उसको पोत"को नारा हराउँदै गयो । जबकि अहिलेका प्रमुख पार्टीहरु (राप्रपाबाहेक) "जसको जोत उसको पोत"को नाराबाट नै स्थापित भएका हुन् ।

पंचायतकालमा नेपाली कांग्रेसले किसान संघको स्थापना त गऱ्यो तर यो काठमाडौं भन्दा बाहिर विस्तार हुन सकेन । नेपाल

कम्युनिष्ट पार्टीसँग संवन्धित किसान संघ २००८ सालमा स्थापना भएपनि आज अखिल नेपाल किसान संघ विउ र विषादी औषधीको कुरामा केन्द्रित हुन थालेको छ। जबकि जोताहा किसानका भूमिमाथिको अधिकार ओझेलमा परिरहेको छ। किसान आन्दोलनको नेतृत्व वास्तविक किसानले गरेको पाइदैंन्। विगतमा राजनैतिक पार्टीहरुले जमिनदारहरुको चर्को शोषणबाट रुष्ट किसानहरुलाई प्रयोग गरे। किसान आन्दोलनले पार्टीको काम कार्वाहीलाई उच्च बनायो तर पार्टीले २०४६ सालभन्दा पछाडि जमिनदारहरुको नै सहयोग लिने र सहयोग गर्ने प्रक्रिया सूचारु बनाएका कारण किसान आन्दोलन आझेलमा पर्दै गयो।

## सिक्नु पर्ने पाठहरु

- किसान पुरा तागतका साथ नजुटेसम्म हजारौं वर्षदेखि जरा गाडेको जमिदारी सत्ता पल्टाउन सकिदैन भन्ने एंगेल्सको भनाइलाई अहिलेका सामाजिक अभियानकर्मी र जोताहा किसानहरुले मूल मन्त्रका रुपमा लिनु आवश्यक छ। नत्र जमिन्दारी प्रथाले जरा गाडी नै रहन्छ। सामाजिककर्मीले भूमिअधिकारका कुरा गरिनै रहन्छन्। किसानहरुले शोषण र सामाजिक अन्याय अझ बढी भोगिरहन्छन्।
- बारामा शुरु भएको किसान आन्दोलनमा किसानहरु आफैले मद्दत भकारीको व्यवस्था गरेका थिए। तर वर्तमान भूमिअधिकारको आन्दोलनमा साहुले जमिन खोस्यो भने के गर्ने भन्ने छलफलसम्म चाहेजति हुन सकेको छैन। यसो हुँदा जमिनदारले जमिन खोसिदिदा किसानहरु आन्दोलनबाट विचलित भएका धेरै घटनाहरु हामी सामु छन्। दक्षिण अफ्रिकीमुलक होण्डुरसका शरणार्थीहरु आफ्नो प्रौढ साक्षरता सिकाई केन्द्रमा हेलीकोप्टरले आएर बम खसाल्ने सम्भावनालाई बुझेर यसबाट बच्नेबारे प्राथमिकताका साथ छलफल गर्थे। यहाँ जमिनबारे ठूलो सशस्त्र लँडाई भएको थियो। यस सन्दर्भले तयारीको क्षेत्रको महत्व प्रष्ट्याउँछ।
- जैसिदेवलमा किसानहरुका समस्याका विषयमा भएको छलफलले किसान आन्दोलन गर्ने निर्णय भयो। यसको नेतृत्व गर्न बासु पासालाई भनियो। तर उनले भने '...म होइन, पदमबहादुर बुढाथोकीको हातमा कोदाली छ, त्यसैले मलाई भन्दा वहाँलाई किसान संघको अध्यक्षमा छान्नु उपयुक्त हुन्छ।' यो भनाई अहिले पनि उत्तिकै सान्दर्भिक छ। राजनैतिक पार्टीका नेताहरुको सन्दर्भमा पनि र सामाजिककर्मीहरु वा किसान अभियानमा संलग्न किसानहरु लागि पनि।
- एलसाल्भाडोरमा सन् १९८० देखि १९८३ सम्म ३० हजार किसानहरुले आफ्नो जीवन त्याग गरे। त्यहाँ एउटै अपरेसनमा १००० किसानले आफ्नो ज्यान गुमाए। तर उनीहरुको विचारमा



सामाजिक न्याय नभई शान्ति हुन सक्दैन । त्यसैले उनीहरु सामाजिक न्यायका लागि लडिरहेँ । यहाँ पनि शान्तिका कुरा धेरै भएका छन् तर सबै शान्तिले सामाजिक न्यायको स्थापना गर्दैन त्यसैले सामाजिक न्याय शान्तिका लागि पहिलो आधार हो । नेपालको सन्दर्भमा जबसम्म जोताहा किसानहरुले सामाजिक न्याय पाउँदैनन् तवसम्म शान्ती सदाका लागि स्थापना हुने संभावना छैन ।

- होण्डुरसका शरणार्थीहरुले सरकारले बाहिरी समुदायबाट पढाउने शिक्षक पठाउँछौ भन्दा अस्वीकार गरे किनभने उनीहरुलाई के थाहा थियो भने यसबाट उनीहरुको परनिर्भरता बढ्छ । त्यसकारण जस्तो भएपनि समुदायबाट नै विकास गर्नुपर्छ । त्यसैले अहिलेको भूमिअधिकारको आन्दोलनमा पनि किसानहरुले आ-आफ्नै समुदायबाट अभियानकर्ता तयार गर्नु आवश्यक छ । गाउँभन्दा बाहिरको अभियानकर्मी जागिरे मात्रै पनि हुनसक्छ र उसले आन्दोलनलाई बिचमा नै छोडेर हिड्न पनि सक्छ । आन्दोलनको स्वतन्त्रता र प्रजातान्त्रिकताका लागि पनि आफ्नो श्रोत, स्थानीय अभियानकर्मी र नेतृत्वमा आन्दोलनलाई अगाडि बढाउनु आवश्यक छ ।
- एलसाल्भाडोरमा किसान आन्दोलनसंग विद्यार्थी आन्दोलन, सुकुम्बासी आन्दोलन, वनको अधिकारको आन्दोलनसंगसंगै जोडियो र त्यसले एउटा शक्ति प्रदान गर्‍यो तर नेपालमा सबै बेग्लाबेग्लै आन्दोलन भएका छन् । आफ्नै आन्दोलन, अभियान राम्रो भन्ने भावनाले एकिकृत आन्दोलन हुन सकेको छैन । त्यसैले भूमिअधिकारको आन्दोलन अन्य आन्दोलन जोडिनु आवश्यक छ ।

## अवको बाटो

- कामलाई व्यक्तिगत बनाउने होइन, सामाजिक बनाउने हो । त्यसैले किसान आन्दोलनलाई हामी धेरै सामाजिक गैससले व्यक्तिगत बनाउदै आएका छौं । यसलाई सामाजिक बनाइनु पर्छ । र, हामी सामाजिक आन्दोलनका सहकर्मीका रुपमा स्थापित हुनुपर्छ ।
- यो आन्दोलन सरकारमात्र परिवर्तन भएर टुगिंदैन । आर्थिक र सामाजिक परिवर्तन पनि संगसंगै हुनु पर्छ । त्यसैले भूमि अधिकारको आन्दोलन राज्यको पुर्नसंरचनाको पनि आन्दोलन हो ।
- भूमिअधिकारको आन्दोलन पुर्णतः वर्गीय आन्दोलन हो, त्यसैले यो सबै सामाजिक समूहबाट संभव पनि छैन । यसका लागि वर्गीय रुपमा नै संगठित हुनु आवश्यक छ ।

*एलसाल्भाडोरमा किसान आन्दोलनसंग विद्यार्थी आन्दोलन, सुकुम्बासी आन्दोलन, वनको अधिकारको आन्दोलनसंगसंगै जोडियो र त्यसले एउटा शक्ति प्रदान गर्‍यो तर नेपालमा सबै बेग्लाबेग्लै आन्दोलन भएका छन् । आफ्नै आन्दोलन, अभियान राम्रो भन्ने भावनाले एकिकृत आन्दोलन हुन सकेको छैन ।*

- लेनिनले भनेजस्तै भूमिसुधार मात्र गर्दैमा किसान मुक्ति हुदैन, यो कार्य कसले गर्दछ भन्ने कुरामा भर पर्दछ । त्यसैले आफ्नो भूमिसुधारको एजेण्डा स्पष्ट हुनु आवश्यक छ । त्यसका लागि किसानकातर्फबाट आफ्नै भूमिसुधार ऐन तयार हुनु आवश्यक छ ।
- संझौतामा टुंगिएको आन्दोलनले कहिल्यै पनि संरचनागत हेरफेर गर्दैन । आर्थिक सामाजिक संरचनामा फेरबदल नल्याइकन विकास संभव छैन, यसमा फेरबदल ल्याउन सबभन्दा पहिला जमिनमाथिको अधिकारमा परिवर्तन आउनुपर्छ ।
- घेराउ, विरोध र ऱ्याली हुँदैमा किसान आन्दोलन हुँदैन, यसका लागि हाम्रो आफ्नो एजेण्डा र आन्दोलनको उद्धेश्य, पुग्ने स्थान र पाउने प्रतिफलका विषयमा स्पष्ट हुनु आवश्यक छ ।

अन्तमा,

अहिलेसम्मका सामाजिक आन्दोलन वा किसान आन्दोलन मध्यम वर्गको नेतृत्व र धनी वर्गको घुसपैठले सफल हुन सकेका छैनन् । यसका लागि सतर्कता आवश्यक छ । अहिले नेपालमा संचालित भूमि वा महिला वा दलित वा जनजाती यि सबै अभियान मात्रै हुन, आन्दोलन हुन सकेको छैन । जबसम्म अभियान आन्दोलन हुदैन र त्यसले पुर्ण उद्देश्य प्राप्त गर्दैन । तबसम्म सामाजिक रुपान्तरण संभव छैन । अहिलेका छलफल, गोष्ठी र राष्ट्रिय भेला, घेराउ, धर्नाले मात्र पनि आन्दोलन हुन सक्दैनन् । यि त केवल आन्दोलनको तयारी वा सहयोग पुराउने पक्षहरु मात्रै हुन । वास्तविक आन्दोलनका लागि स्वयम् पीडितहरुको जुझारु संगठन, स्पष्ट उद्देश्य, सवल नेतृत्व र नियमित परिचालन र संघर्ष आवश्यक छ ।

सन्दर्भ सामग्रीहरु

१. डेसन मेरी, प्रत्युष वन्त, नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन, सोसल साइन्स वहा, २००४, हिमाल किताव
२. अधिकारी, जगन्नाथ, गौतम भाष्कर, बस्नेत पुर्ण, नेपालमा गरिवीको बहस, २००४, मार्टिन चौतारी
३. नेपालमा किसान आन्दोलनका ५० वर्ष, अखिल नेपाल किसान संघ, २०६१
४. आत्मनिर्भरता र स्वतन्त्रताका लागि शिक्षा अभियन्ता, जुलियस न्येरेर (नोट)
५. Shah Ghan Shyam, Social Movemetnt in India, a review of literature, Sage publication Delhi
६. Caplan Lionel, Land and social change in Nepal, Himal Books
७. Thapa Shankar, Peasant Insurgence in Nepal, 1951-1960, Published by Nirmal KC.
८. Thapa Shankar, Historical Study of Agrarian Relations in Nepal (1846-1951), Adroit Publisher
९. Archer Devid, Costello Patrick, Literacy and Power, The latin American Battleground ■

*यदि भूमिसुधारबाट मोहीलाई फाईदा पुऱ्याउन खोजिएको हो र देशको कृषि उत्पादनलाई बृद्धि गर्न खोजिएको हो भने महाराज यी दुवै प्रयास तार्किक छैन ।*

# भूमिसुधार

## एउटा नसकिएको कार्य

● उल्फ लेडेजिस्की

२०१९ सालको भूमिसुधारको प्रमुख प्रावाधान जग्गाधनीले एकतिहाइ र मोहीले दुई तिहाइ बाली पाउने थियो । मैले पाएको जानकारीअनुसार यो निर्णयलाई उल्टाउने प्रयास भयो । जमिनदार र मोहीले उत्ति नै बाली पाउने व्यवस्था मिलाईयो । सबै व्यवहारिक दृष्टिकोणले यो निर्णयको अर्थ हालको जमिनदार-मोही सम्बन्धको वास्तविक स्थितिलाई यथावत् रहन कानूनी मान्यता दिनु रह्यो । पहिला मोहीले तिरेको तिरो घटाएर र पछि उसलाई आवश्यक रुपमा बढी उत्पादन गर्न सहुलियत प्रदान गरेर भूमिहीन किसानको अवस्था सुधार ल्याउने जुन प्रयास थियो, त्यो प्राप्त नहुने भयो भन्ने पनि यसको अर्थ हुन्छ ।

वर्तमान मोहीको तिरोलाई यथावत् राख्न दुईटा तर्क अघि सारिएको छ । पहिलो, 'जमिनदारहरुले मोहीबाट पाइरहेको तिरोलाई घटाएमा यसले जमिनदारहरु-माथि अनावश्यक भार थप्ने छ । यस्तो भएमा जमिनदारबाट प्राप्त हुने राजस्व घट्छ जुन अहिले बढिरहेको छ । एकातिर जमिनदारले पाइरहेको तिरो घटाउन खोज्नु र अर्कोतर्फ जमीनको हदबन्दी तोक्नु भनेको दुबै पक्षबाट जमिनदारलाई मारमा पार्नु हो ।'

यदि भूमिसुधारबाट मोहीलाई फाईदा पुऱ्याउन खोजिएको हो र देशको कृषि उत्पादनलाई बृद्धि गर्न खोजिएको हो भने महाराज यी दुवै प्रयास तार्किक छैन । पहिलो र दोस्रो विश्व युद्धपछि जसरी कृषि उत्पादनको रफ्तार बढिरहेको छ, त्यसको तुलनामा जमिनदारहरुले नगदको रुपमा तिरिरहेको राजस्वले गति समाउन सकिरहेको छैन । यो अवस्थाले पहिलो तर्कको खण्डन गर्छ । वास्तवमा जमीनको कर कृषि उत्पादनको २० देखि २५ प्रतिशत हुने अनुमान



गरिएको थियो । तर हालका वर्षहरुमा यसको उच्चदर बढिमा ६ प्रतिशत र कतिपय अवस्थामा एक प्रतिशतसम्म झरेको छ । यसैले पनि भूमिसुधार कार्यान्वयनले जमिनदारलाई भार पर्छ भन्ने तर्क आफैमा आधारहीन छ । बरु सुधार गर्न सके यो त्यस्तो अवस्थाको हल्का सुधार मात्र हुनेछ जसबाट लामो समय देखि जमिनदारले मात्र फाईदा लिइरहेका छन् । यही कारणले गर्दा जमिनदारले पाईरहेको तिरो घटाएमा उनीहरुमा थप बोझ नथपिने विश्वास गर्न सकिन्छ ।

दोस्रो, तर्क छ, 'जग्गाको हदबन्दी र कुत घटाउने कुरा जमिनदारले थेग्न सक्दैनन्' । वास्तविकता के हो भने जग्गाको हदबन्दीले भूमिसुधारबाट जे उपलब्धी हुन्छ भनि अनुमान गरिएको छ, त्यसको सानो अंश मात्र प्राप्त गर्छ । जमिनदारले बढी भन्दा बढी जग्गा नओगटुन् भनेर अघि सारिएको एउटा उपाय हो हदबन्दी, ताकि शेष जग्गाको किनवेच र पुनर्वितरण मोहीबीच हुन सकोस् । तर आमरुपमा हेर्दा दुइटा कारणले पछिल्लो कुरा नेपालको सन्दर्भमा हुन सक्दैन । (१) धेरै जसो जमिनदारले हदभन्दा माथि जग्गा आफ्नो परिवारको सदस्य र आफन्तको नाममा सारिसके, र (२) भूमिसुधारमा हदबन्दी घोषणा गरेपछि गरिएको जमिन विभाजन मितिको आधारमा जाँच गर्ने प्रावधान हदबन्दीमा छैन । यस्तो अवस्थामा जमिनदारको लागि हदबन्दी त्यस्तो चुनौती नै होईन, जसबाट उनीहरु सशंकित हुनु परोस् ।

माथिका सबै प्रश्नहरुले प्रस्तावित भूमिसुधारमा नराम्रो असर पुऱ्याएका छन् । कार्यक्रमको दृष्टिले यसलाई गति दिने प्रतिवद्धता नदेखिएको अवस्थामा यि प्रश्नहरु निकै सार्थक देखिन्छन् । आखिर नेपाल पनि भूमिसुधारको बाटोमा तात्यो भन्ने जुन ठुलो आकांक्षा ६ महिना अघि थियो त्यो काम अहिलेसम्म भएको छैन । यो नकारात्मक विकासले समस्यालाई इन्कार गरेको छ । कृषकहरुको इच्छा र आवश्यकतालाई पन्छाएको छ । यही कारणले यो तिन वर्षे योजना र त्यसको सिद्दान्तसँग बाँझिएको छ । भूमि व्यवस्थाको सुधार सम्बन्धी सरकारी दस्तावेजमा भनिएको छ :

"वर्तमान अवस्थामा बालीको धेरै अंश



कृषकले प्राप्त गर्दैनन्, त्यसैले नयाँ प्रयोगहरु गरेर जो किसानहरु उत्पादन बढाउन चाहन्छन् त्यसलाई यसले उत्साहित गर्दैन । त्यसैले यस्तो ग्रामीण समाजमा भूमिसुधार कृषि उत्पादन मात्र बढाउन नभएर आर्थिक कमजोरी घटाउन पनि जरुरी छ ।"

यो वाक्याशंको सार्थकता र महत्वलाई अनाकर्षक भन्न मिल्दैन । त्यसैले भूमि व्यवस्थाको समस्या सम्बन्धी सबै ग्राह्यताले यो प्रयास सही छ भनेर आँकलन गर्न सक्नुपर्छ र यहीबाट अघि बढ्नु पर्दछ ।

धेरै देशमा जस्तै नेपालमा पनि भूमि व्यवस्थासँग राजनीतिक, सामाजिक र आर्थिक पक्षहरु गाँसिएको कुरादेखि म अवगत छु । त्यसैले कसैले चाहेर पनि यसलाई पन्छाउन सक्दैन । राजनीतिक र सामाजिक न्यायका पक्षहरु यति प्रस्टसँग यसको हिस्सा बनिसकेका छन् की यसलाई रति पनि पुष्टि गर्नुपर्दैन । मैले पहिले पनि उल्लेख गरेअनुसार किसानहरु आर्थिक हिसाबले पेलिएको यी क्षेत्रहरुमा जुन किसिमको स्थिर व्यवस्था देखिएको छ, त्यसले राज्यको यही रवैयालाई लामो समयसम्म नतन्क्याउने निश्चित छ । अनुभवहरुले बताउँछन् तलबाट उठाउने सामाजिक विद्रोहलाई समयमै बुद्धिमता र व्यवहारिक हिसाबले रोकिएन भने यसले निम्त्याउने खति भयावह हुन्छ । यस्तै अनुभवहरुले भन्छन् समस्याको सकारात्मक निदान पनि छ, ठुलो जनसमुदायको पक्षमा तपाइँको सरकारको ब्यापक, सक्रिय इमान्दारिता र प्रश्नै गर्न नसकिने सहयोग आवश्यक हुन्छ । यसैमा राजनीतिक स्थायित्व वा आधारभूमि अन्तरनिहित छ ।

यही कारण इरान सरकारले भर्खरै मात्र समस्यालाई हातबाट उम्कन नदिन "भूमिहीनलाई भूमि दिने " कार्यक्रमलाई महत्वपूर्ण र फराकिलो हिसाबले संस्थागत गर्नेतर्फ लागेको कुरा बुझ्न सकिन्छ । उल्लेखनीय त अझ यो कार्यक्रमको परिक्षणको लागि भएको जनमतलाई मान्नुपर्छ । आखिर अधिकांशले यसको पक्षमा खसालेको मतले विपक्षमा रहेका जमिनदारलाई बगाएर लग्यो । इरानको जमिनदारले यथास्थितिविरुद्ध जाने विकल्पमा आफ्नो मत नदिदाँ पनि इरानको शाहको उत्साहप्रद र विचारणीय पक्ष के हो भन्ने उनले किसानहरुको जिन्दगी सुधार्न प्रयास गरे । यो प्रयासको आधारमा ब्यापक जनसमुदायले इरानको शाहलाई समर्थन गर्नु नै उनको ठुलो राजनीतिक पूँजी हुने निश्चित छ । यो उदाहरणलाई नेपालले हुबहु मान्नुपर्छ भन्ने मेरो आशय होइन । तर यसको सान्दर्भिकतालाई हेर्नुपर्छ, जसको अनुपस्थितिमा सामाजिक र आर्थिक न्याय नदिइकन देशवासीको अवस्था सुधार्न गाह्रो छ ।

यो समस्याबाहेक अर्को एउटा अन्तरसम्बन्धलाई पनि ख्याल राख्नुपर्छ । पहिलो नेपाली अर्थतन्त्र र त्यसको विकास नै कृषि उत्पादनमा टिकेको छ । दोस्रो, वर्तमान भूमि व्यवस्थाकै निरन्तरताले कृषि उत्पादनमा वृद्धि हुने सम्भावना कम छ । कृषिले नै देशको ९० प्रतिशत आम्दानी धानेकोले यो अझ उल्लेखनीय हो । पछिल्लो

तीन वर्षे योजना तर्जुमा गर्नेहरुले यसलाई राम्रोसँग बुझेका छन्, त्यसमा उल्लेख गरिएको दीर्घकालीन योजनाको तथ्यको आधारमा यही भन्न सकिन्छ :

- भविष्यका लागि स्रोत पुऱ्याउन, जनसंख्याको बढ्दो आवश्यकता पूर्ति गर्न उत्पादनमा बृद्धि गर्ने ।
- आर्थिक स्थायित्व प्राप्त गर्ने । यसको लागि सफलता साथ योजनालाई कार्यान्वयन गर्न आर्थिक विकासको वातावरण निर्माण गर्ने ।
- वार्षिक १,५०,००० को दरले बढिरहेको जनसंख्याको लागि थप रोजगारको सृजना गर्ने ।
- बढ्दो उत्पादनको वितरणमा सामाजिक न्यायको सुनिश्चिता दिने ।

माथि उल्लिखित हरेक हरफमा अन्तरनिहित कुरा हो, उत्पादकत्व बढाएर कृषिलाई पुनर्जीवन दिनु नेपाल जस्तो देशको लागि अनिवार्य छ । हालको तिनवर्षे योजना र यस पछिका योजनाहरुको बढ्दो व्यय धान्न नेपाल जस्तो मुलुकको लागि कृषि उत्पादनमा वृद्धि हुनु अनिवार्य छ । यसैले के ध्यान दिनुपर्छ भने कृषकहरुलाई सहुलियत नदिएसम्म कृषि उत्पादनमा वृद्धि गर्ने भनेर पनि हुँदैन । अनि यहीनेर भूमि करमा छुट दिने कुरा आउँछ । देशको एकमात्र अर्थतन्त्रको आधार रहेकोले अहिलेको भूमिकरलाई पुनर्विचार त्यसैले पनि गर्नुपर्ने भएको छ ।

मोहीहरु आफ्नो तर्फबाट फसल बढाउन किन पनि थप एक रुपैया समेत लगानी गर्ने पक्षमा छैनन् भनेर मैले फेरी भन्नुपर्छ जस्तो लाग्दैन । उनीहरुले पाउने बालीको अंश निकै थोरै छ । यसले उनीहरुलाई लगानी गर्न र उत्पादन गर्न उत्साह प्रदान गर्दैन । भूमिकरमा गरिने उल्लेख्य छुट जसमा उनीहरुलाई रु. १०० वा रु. २०० ले फरक पार्छ । त्यसले मात्र पनि लगानी गर्ने कि नगर्ने, चलिरहेको उत्पादनलाई नै निरन्तरता दिने की यसमा वृद्धि गर्ने भन्ने विषयमा असर गर्छ । यही कारण करमा हुने छुट, त्यसको प्रभावकारी कार्यान्वयनले मात्र उत्पादनमा वृद्धि हुने सम्भावना छ । विद्यमान परिस्थितिलाई पन्छाउन, अहिलेको भूमि व्यवस्थालाई निरन्तरता दिएमा यस माथि निकै प्रश्न गर्न सकिने स्थिति छ । विगतमा पनि मुलुकको आर्थिक विकासलाई यसले कुनै गति दिन नसकेको अवस्था साथै भविष्यमा अझ समस्या निम्त्याउन सक्ने सम्भावना भएकोले यसलाई सुल्झाउने प्रयास गर्नु आवश्यक छ । त्यसैले सरकार मेरो निष्कर्ष के हो भने वर्तमान भूमिकर प्रणाली सुल्झाउन गरिने कुनै पनि वा सबै प्रयास उल्लेख्य हुनेछ ।

कृषि क्षेत्रमा स्थिरता भनेको सम्पूर्ण क्षेत्रमा स्थिरता हो । विशेष गरी हालसम्म तयार गरिएको तथ्यको आधारमा भूमिको राजस्वमा वृद्धि गर्ने सरकारको निर्णय निकै प्रशंसनीय कार्य हो । तर यसले मुलुकको बढ्दो आर्थिक वा विकासलाई चाहिने आवश्यक स्रोतको पूर्ति गर्दैन । वैदेशिक सहायता जतिसुकै लचिलो भएपनि केवल त्यसको स्रोतबाट मात्र आर्थिक आवश्यकता पूर्ति हुने होइन । मुलुकको आर्थिक विकास बढ्ने बित्तिकै बित्तिय माग पनि बढ्ने निश्चित छ । त्यसैले नेपालको आय कृषि उत्पादनमा वृद्धि भए मात्र बढ्ने हो । यही कारण कृषि उत्पादकत्व बढाउनको लागि जे जस्ता समस्याहरु छन्, त्यसको निदान जरुरी हुन्छ ।

> *वैदेशिक सहायता जतिसुकै लचिलो भएपनि केवल त्यसको स्रोतबाट मात्र आर्थिक आवश्यकता पूर्ति हुने होइन । मुलुकको आर्थिक विकास बढ्ने बित्तिकै बित्तिय माग पनि बढ्ने निश्चित छ । त्यसैले नेपालको आय कृषि उत्पादनमा वृद्धि भए मात्र बढ्ने हो ।*

विगत भदौको भूमिसुधारका प्रयासहरु निकै सानो सुरुवात हो । जापान, फारमोसा ( हालको ताईवान) दक्षिण भियतनाम, र भर्खर मात्र इरानमा भएको र फिलिपिन्समा प्रस्तावित गरिएको भूमिको आमूल परिवर्तनको तुलनामा नेपालमा सारिएको प्रस्ताव अति मसिनो कुरा हो । तर माथि उल्लिखित मुलुकहरुले भूमिको पुनर्वितरण, जमीनको बिक्री, जमीनको लागि जमिनदारलाई तिर्ने उपाय र माध्यमहरु जस्ता समस्यालाई गौण मानिएको छ । सीमित सुधारको लागि तपाईँलाई चाहिने आर्थिक आवश्यकता निकै मध्यम स्तरको छ, तर सुधारको कार्यक्रम केवल तीनवटा जिल्ला झापा, चितवन, पाल्पामा मात्रै कार्यान्वयनमा रहेको छ । जहाँ ऋणको आवश्यकताको आधारमा सबै कुरा केन्द्रीकृत छ । अर्थात् मैले स्पष्टसंग के भन्न खोजेको भने भूमिसुधारको विगतको प्रस्ताव निकै मझौला किसिमका छन् । त्यसलाई पन्छाउने सानै प्रयासले पनि कुनै ठोस सुधार ल्याउने छैन, जुन सम्भावनालाई त्यसैले सकेसम्म टार्न दिनुहुँदैन ।

महाराज, मैले नेपालमा पटक पटक गरेका भ्रमणका आधारमा र एसियाका अरु मुलुकहरुको अनुभवमा पनि मेरो विश्वास के हो भने कृषि उत्पादकत्वमा बृद्धि ल्याउने यो कार्य पुरा गर्न तपाईको सरकारमा इच्छा र प्रतिवद्धता आधारभुत सर्त हो । कृषकको काँधमा रहेको यो ठुलो समस्या सुल्झाउने र राष्ट्रिय विकासलाई लुकाउन पन्छाउनै नसकिने केही प्राविधिक समस्या र सानो आर्थिक आवश्यकता मात्र अहिलेसम्म प्रयोग गरिएको छ,

- मोहीको तत्काल र आसन्न आवश्यकताका विपक्षमा जमिनदारहरु रहेको अवस्था,
- देशका कम कृषि उत्पादकत्वसँग उनीहरु सन्तोष रहेको अवस्था र
- सम्पूर्ण नेपालको भलो र आर्थिक विकासलाई वेवास्ता गर्ने उनीहरुको व्यवहार ।

यी जमिनदारमा पाईने आम प्रवृति भएपनि पराजित गर्न नसकिने कुरा होईन । तपाइँको नेतृत्वले यसलाई सहजसँग पराजित गर्नसक्छ तर जमिनसँग गाँसिएको यथास्थिति लामो समयसम्म तन्काउन सकिने पक्ष होइन भनेर बुझ्न जरुरी हुन्छ । तपाइँसंगको मेरो सहुलियतपूर्ण संलग्नतामा नयाँ नयाँ लहरले तपाइँका भूमिहीन जनता र सम्पूर्ण

देशवासीमा घर जमाउँदै गएको जानकारी मौसुफलाई पनि छ भन्ने मैले बुझेको हुँ त्यसैले आज जे आधारभूत माग बनेर देखा परेको छ भोली त्यो निकै सानो माग हुने सम्भावना एकदम छ। त्यसैले पन्छिन नसकिने निष्कर्ष के हो भने गत भदौको भूमिसुधारलाई कानुनी प्रकृया र द्रुत कार्यान्वयन गर्दै जीवन्त बनाउने समय आईसकेको छ।

महाराज, तपाईंको देशको आर्थिक र राजनीतिक स्थायित्व बाहेक यसलाई कुनै धारिलो प्रहार नसम्झिने हो भने मैले १९६२ फेब्रुअरी १५ मा लेखेको चिठीको अंशलाई पुनः दोहोऱ्याउँदै म यो पत्र टुङ्ग्याउन गइरहेको छु

नेपालको प्रगती र स्थिरतामध्ये एउटा छान्नु आवश्यक छ। अनि मलाई विश्वास छ तपाईको सरकारी प्रगती र ती आमजनताको हितलाई नै छान्छ जो गरिबीले दबिएको कृषक हुन्। यो यस्तो समस्या हो जुन टार्नु वा ढिलाइ गर्नु हुन्न। अहिले यसलाई पन्छाउनु वा हच्किनु भनेको अझ भयावह समस्या निम्त्याउनु हो। मलाई लाग्छ यही विश्वासमा तपाइँको सरकारले भूमि व्यवस्थाको सार्थक सुधारको लागि शीघ्र र इमान्दारी साथ केही गर्ने छ।

(साभारः नेपालमा गरिबीको बहस, प्रकाशकः मार्टिन चौतारी, २०६१)■

*सिर्जना*

## लौ अब अगाडि बढौ !

- सारदा परियार बाणगंगा,कपिलबस्तु

भूमिहीन जनताहरु अगाडि बढौ न
अघिबढी आफ्नो लालपुर्जा खोजौ न
सधै भरि गाउँका जनता गाउँमा दबिएको
दुई वर्ष जति भयो राजपत्रमा उल्लेखित भएको।

अझैपनि गाउँका जनता थाहा छैन तिमीलाई
लाटा सोझा भनिकन देखेर दवाए हामीलाई
भूमिहीन जनताहरु एक जुट हौ न
लालपुर्जा हक अधिकार खोजी खोजी ल्याउन

आदिवासी जनताहरु थिएन नि बञ्चित
थाहा पायौ हामी जनता हौ सबै सचेत
आऔ उठौ जुर्मुराउँ
यो खवर सन्देशलाई पुऱ्याउँ

गाउँ ब्लकमा धेरै छन् गरिब मजदुर
गिटी नचाली खानु छैन हाम्लाई त हजुर
गिटी चाल्दा र घन ठोक्दा हातमा परे ठेला
अझै पनि जनताले के देखाउने खेला।

बच्नु पऱ्यो हामलाई त अर्काको आदेशमा
हाम्रो घर त छ नि हजुर छ ऐलानी जग्गामा
साहुहरु मोटाए गरिवको खुन चुसेर
हुदैन नि चुप बसेर

हिजो विहान बाउआमालाई कमैया बनाए
भएको सम्पतिलाई साहुले आफ्नो नाउँमा वनाए
रुदै रुदै भन्छन् क्यारे ति बाबा आमाले
त्यतिवेला साथ दिएन आदिवासी यो गाउँलेले

जुनि वित्न लाग्यो मेरो साहुको काममा
बारैमास बारै जुन यो चर्को घाममा
दिनभरी काम गर्छौ साहु कै खेतमा
पेटभरी खानु छैन लाइरहेको भोकमा

अझै पनि साहुहरुले राख्न खोज्छन् कमैया
बल्ल बल्ल दिन थाले जम्मा असि रुपैया
मजदुरीको घरमा हेर्दा दश बार जना
असि रुपैयाले पुग्दैननि साझ विहान खान

रुदै रुदै भन्न थालिन् ति आमाले लौन कठैबरि
भोक भोकै रोई रहन्छन् ति छोरा र छोरी
बिहान देखी साझासम्म साहु कै घरमा
बाच्नु पऱ्यो मजदुरलाई अर्काको भरमा

कति दुःखी रैछ बरै यो हाम्रो करम
अझै पनि लाग्छ हामीलाई तेही साउको सरम
काम गर्दा हेर्छन् साहुले कुर्चिमा बसेर
तिनै साहु मोटाएका हुन् हाम्रो रगत चुसेर

काम गर्नेलाई भिजायो पानी असिनाले
गाउँका साहु मोटाए मजदुरको रगत पसिनाले
कति दुःखी रैछ बरै यो हाम्रो जिन्दगी
हाम्रो छोरा छोरीलाई पढाउन पाउन्नौ कि

गाउँका मान्छे साहुहरुले हामीलाई न हेप
तिमीलाई नि लाग्ला नि त एक दिन पश्चाताप
हाम्रो पनि हेर्दै जाउँ आउलाकी पालो
कहिलेकाँही त उठाउँला भैचालो

हुदैन मजदुर चुप बसी अगाडि बढौं न
भूमिहीन जनताहरु अगाडि बढौं न
अघि बढी आफ्नो हक खोजौं न।

# बाँकेमा भूमि अभियान

● लालमणि भण्डारी

**बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङ्ग जिल्लाको देउखुरी फाँट (राप्ती पूर्वको भाग) लाई नयाँ मुलुकको रूपमा लिने गरिन्छ । भारतीय स्वतन्त्रता संग्रामलाई दमन गर्न राणा प्रधानमन्त्री श्री ३ जंगबहादुरले सहयोग पुऱ्याएवापत अंग्रेज शासकले बक्सीसको रूपमा यो भूमि नेपाललाई दिएकोले यसलाई यसरी नयाँ नेपाल भन्ने गरिएको हो । त्यसैले हुनुपर्छ, यस क्षेत्रका ठूला जमिन्दारहरू र विर्तावालाहरूमा सबै भन्दा धेरै राणाहरू र चन्द, शाह, ठकुरी नै रहेका छन् ।**

औंलोको प्रकोपका कारण यी भू-भागमा पहिले अन्यत्रबाट बसाईसराई कम हुने भएकोले पनि यहाँको उत्पादनशील फाँटहरुमा आफ्नो स्वामित्व कायम गरी स्थानिय जमिन्दार, विर्तावाला र तालुकदारले थारु बाहुल ठाँउमा कमैया राख्ने र स्थानिय अवधी भाषी बाहुल ठाँउमा नोकरहरु राखी जमिनलाई कब्जा गरे । यसै समयदेखि नै कमैया राख्ने चलनको विकास भएको देखिन्छ । राणा शासनकालमा यस क्षेत्रलाई आफ्नो पेवाको रुपमा प्रयोग गर्दैआएका जमिन्दारहरु, विर्तावाल र राणा शासनका ग्रामीण एजेन्ट (तालुकदार) हरुले ग्रामीण जनतालाई चर्को शोषण गर्ने, बेठबैगारी गराउने र जोतभोग गरेको जमीनको हकबाट वञ्चित गराउने घटना सामान्य थिए । परिश्रमी जनतालाई उनीहरुले पोत तिर्न नसकेको कारण देखाई, डर, धाकधम्कीका भरमा जमीनबाट वेदखल गरियो ।



२००७ सालको परिवर्तनसँगै समाजमा रहेको अन्तरविरोधले बिस्तारै संगठित रुप लिन पुग्यो । फलस्वरुप २०११ सालदेखि २०१३ सालसम्म २००७ सालका स्वतन्त्रता सेनानी एवं तत्कालीन कम्युनिष्ट पार्टीका नेता रुपा सिंह सिजापतिको नेतृत्वमा बाँकेको होलिया गा.बि.स.को सन्तलिया भवानीयापुर गा.वि.स.को पुरैना विर्ता भन्ने ठाँउमा जमिन्दारहरुको खलिहान लुटेर गरिबहरुलाई बाँड्नेसम्मका आन्दोलन भयो । २०३५/३६ सालदेखि दैलेख, सुर्खेत, सल्यान लगायत्का पहाडी जिल्लाबाट यहाँ अत्याधिक बसाईसराई हुन थाल्यो । बसाई सर्नेहरु जिल्लाका विभिन्न गा.वि.स.हरु खास गरी बनकटवाको लालपुर, मनिकापुरको नयाँबस्ती, कम्दीको जब्दहवा र रफेनाको कौशिलानगर आई वनवृट्यान फडानी गरी बसोबास गर्न थालेका पाईन्छन् । यसरी बस्ती बस्ने क्रममा सरकारी वन कर्मचारीले आगो लगाउने, बालीमा पशु चराई नोक्सान पुऱ्याइदिने र बस्तीका अगुवाहरुलाई मुद्दा लगाई जेल हाल्ने क्रममा भूमिहीन सुकुम्बासीहरुले संघर्ष नगरेका होइनन् तर पूर्णसंगठित नभएका साना–तिना संघर्षले खासै परिवर्तन ल्याउन सकेन । २०४६ सालको बहुदलीय व्यवस्थाको पुर्नस्थापनापछि **"जसको जोत उसको पोत"** भन्ने नाराका आधारमा गरिब भूमिहीन किसानहरुलाई संगठित गरी स्थानिय समस्यामा आधारित सानातिना आन्दोलन भएका थिए तर दरिलो राजनैतिक इच्छा शक्तिका अभावमा ती आन्दोलनहरु उपलब्धीमुलक हुन सकेनन् ।

२०४७ साल पुस महिनामा फत्तेपुर गा.वि.स.का जमिन्दार सेवकराम खड्काविरुद्ध मोहीहरु र स्थानिय भूमिहीनले खेतजोते वापत अतिरिक्त काम गराएको, महिलालाई विना ज्याला कमलरी सरहको घरधन्दाको काम गराएको र भूमिहीन, गरिवहरुले जोतिखाएको ऐलानी जग्गाबाट पैसा असुल गर्न नदिनेलाई जमिनबाट हटाएको विरोधमा भएको आन्दोलनमा जमिन्दारका हनुमानहरुसँगको झडपमा परी तत्कालीन ने.क.पा.मालेका नेता दिवाकर शर्मा, फुन्नीलाल थारु लगाएतका ४ जना घाइते भएका थिए । त्यस्तै गरी २०४८ साल फागुन महिनामा उढरापुर २ का जैनेन्द्रकुमार टण्डनले खांडसारी चिनी मिलको नाममा आफुले लुकाइरहेको १८० विगाहा

भन्दा बढी ऐलानी जमिनमा बसोबास गरेका लगभग २५० घर टहराहरु स्थानिय प्रशासन र आफ्ना लठैतको बलमा घर खाली गराउने क्रममा त्यसको प्रतिकार गर्ने एकजना महिलालाई बलात्कार गरेका थिए । जसको विरोधमा स्वस्फूर्त रुपमा भएको प्रतिकारात्मक कारवाहीमा मुख्य मतियार जैनेन्द्रकुमार टण्डनलाई बाधेर कारवाहीका लागि जिल्ला प्रशासन कार्यालयमा ल्याउँदै गर्दा खजुरा चौकीले रोक लगाएपछि टण्डनमाथि कारवाहीको माग गर्दै मार्च ८ तारिखका दिन ब्यापक आन्दोलन भएको थियो । जिल्ला प्रशासन कार्यालय घेराउ, र्‍याली र तोडफोडका क्रममा प्रशासनले लाठी चार्ज गर्दा ८ जना घाइते भएका थिए भने प्रहरीबाट चलाएको गोलीबाट एकजना महिला सख्त घाइते भएकी थिइन । मिलन सापकोटा, राजेन्द्रजंग शाहीलगायतका आन्दोलनकारीलाई गिरफ्तार गरिएको थियो । तर दुवै घटनाका दोषी जैनेन्द्रकुमार टण्डन र सेवकराम खड्का विरुद्धको राजनैतिक मुद्दालाई कानुनी र प्रशासनिक मुद्दाको विषय बनाई आन्दोलनलाई विचैमा तुह्याउने काम भयो ।

बाँके जिल्लामा भूमिमा श्रम गर्ने तर भूमिअधिकारबाट वञ्चित उनीहरुको समस्या भयावह छ । यसै अवस्थालाई मध्यनजर गरी २०६० साल पौषदेखि सामाजिक संस्थाहरुको सहजीकरणमा भूमि पीडितहरुकै नेतृत्वमा भूमि आन्दोलनको उठान हुन थालेको छ । यसका लागि सामूदायिक आत्मनिर्भर सेवा केन्द्रको सहकार्य र संयोजनमा सामाजिक विकास अनुसन्धान केन्द्र नेपाल-बाँके र उत्पीडित समुदाय जागरण मञ्च (डोक्फा) नेपालले समुदाय तहको कामको संयोजन र सहजीकरण गरिरहेका छन् भने दियालो परिवारले संचार र साँस्कृतिक क्षेत्रबाट सहयोग पुर्‍याइरहेको छ । हाल यो अभियान बाँकेका २५ गा.बि.स.मा फैलिदै गइरहेको छ र यो अन्य संघ संस्था र नागरिक समाजको पनि चासो र चर्चाको विषय बन्दै गइरहेको छ । भूमि अधिकार अभियानका पक्षमा जनमत बढ्दो छ । स्वयम पीडितहरु संगठित भइ मोही लागेको जग्गा जोत्न नदिने जग्गाधनीसँग संघर्ष गरी पुनः जोत्न थालेका छन् । वन समितिका नाममा बस्ती उठाउने प्रयासमा रोक लाग्दै गईरहेको छ भने अर्कोतर्फ जमिन्दारहरु र तिनका दलालहरुबाट षड्यन्त्र गर्ने र भूमि अड्डाका कर्मचारीमाथि जमिन्दारी प्रभावका कारण मोहीको ५० प्रतिशत हक मर्ने गरी मिलोमतो र सम्झौता गराउने एवं सहमत नहुने मोहीलाई तारिख मात्र बोकाई सताउने काम तिब्र रुपमा हुन थालेको छ ।

### जल्दाबल्दा सवालहरु :

- वर्षौंदेखि बसोबास गर्दैआईरहेका २१ हजार ७ सय २८ परिवार भूमिहीन छन् र यिनीहरुको समस्या समाधान हुन सकेको छैन् । यही समस्यालाई लिएर २०६१ साल भाद्र २२ गते पेश भएका ८ हजार निवेदन माथी कुनै किसिमको कारवाही भएको छैन ।

> *राणाकालमा यस क्षेत्रलाई आफ्नो पेवाको रूपमा प्रयोग गर्दैआएका जमिन्दारहरू, विर्तावाल र राणा शासनका ग्रामीण एजेन्ट (तालुकदार) हरूले किसानको शोषण गर्ने, बेठबैगारी गराउने र जोतभोग गरेको जमीनको हकबाट बञ्चित गराउने घटना सामान्य थिए ।*

- ६ हजार ७ सय ३८ मोही परिवार हक कायमको लागि निवेदन दिनबाट बञ्चित छन् । २०६१ चैत्र मसान्तसम्म मोही हक कायमका लागि परेको २ हजार ७ सय १९ निवेदन माथी कारवाहीको प्रक्रिया अगाडि नबढाई तारिख दिएर मात्र पठाईएको छ । यी मुद्दाका प्रतिवादीलाई मिसिल नपठाई मुद्दा लम्ब्याईएको छ ।
- मिलापत्रका वहानामा मोहीले पाउने ५० प्रतिशतको हकलाई संकुचन गराई ३३ प्रतिशत र यो भन्दा पनि कम लिनका लागि बाध्य गराईएको छ ।
- नयाँ पहिचान भएका १ हजार ८ सय ३४ मुक्त कमैयालाई जोत्न जमिन र घरबासको व्यवस्था गरिएको छैन । रातो कार्ड पाएका ३ हजार १ सय ७४ मुक्त कमैया परिवारले २ कट्ठा भन्दा बढी जग्गा पाउन सकेका छैनन् । थोरैले मात्र ५ कट्ठा पाएका छन् । पाएका भनिएका जग्गाहरु पनि फिल्डमा नभेटिएका वा प्रयोगहीन छन् ।
- ८ नं. ऐलानीमा बसोबास गरेका सुकुम्वासीलाई वृक्षारोपण गर्ने वहानामा वन समितिले हटाउने धम्की दिईरहेको छ र गाँउब्लकमा बसोबास गर्ने लगभग १५ हजार परिवारको घरबास जमीनको नाप नक्सा नभई एक गाँउ एक कित्ता भएको छ ।

### संचालित अभियानले ल्याएको फरक

हाल अधिकारबाट वञ्चितको अगुवाई र सामाजिक संस्थाको सहजीकरणमा भएका अभियानमार्फत जनसंगठन निर्माण, हककायमका लागि मुद्दा दर्ता एवं क्षमता विकास र अधिकारका लागि व्यापक जनपरिचालन भैरहेको छ । भूमि अधिकारबाट वञ्चितहरुको जिल्ला सम्मेलन, राष्ट्रिय सम्मेलनमा भएको सहभागिता एवं समुदाय तहमा भएका संगठन र परिचालनका माध्यमबाट जिल्लाका विभिन्न गा.वि.स. हरुका खास गरी वनकट्टी, गनापुर र कचनापुरमा मोहीलागेका जमिन जोत्नबाट वञ्चित भएका मोही किसानले जग्गाधनीबाट उक्त जग्गा छुटाई पुनः जोत्न थालेका छन् । कामको थालनी गर्दादेखि हालसम्म ३ हजार ४ सय २ मोही किसानले जग्गा बाँडफाँडका लागि निवेदन दर्ता गराएका मध्ये ६ सय ८३ जनाको मुद्दा फर्च्यौट भई मोहीहरु ८३-१३-९.२५ विगाहा जग्गा र रु.८० लाख ६ हजार ३ सय ९९ नगद प्राप्त गर्न सफल भएका छन् । भूमिपीडितहरुमा आएको जागरण र एकताले गर्दा जमीनका दलालहरु र जमिन्दारहरुले प्रत्यक्षरुपमा भूमिपीडित माथि गर्ने शोषणका तानावानामा केही कमी आएको छ । तर पनि सन्तोष मान्नु पर्ने अवस्था भने छैन । बढ्दै गएको अहिंसात्मक भूमि अभियानले पक्कै एक दिन आन्दोलनको रुप लिनेछ र त्यही आन्दोलनले भूमि अधिकारलाई स्थापित गर्नेछ । ■

# अभियानकर्ता डायरी

कुरो २०५८ साल माघतिरको हो । सिन्धुपाल्चोक जिल्लाको बाँडेगाउँ वडा नं.४ चौतारीमा ३०-३५ जना किसानहरु भेला भएका थिए । म त्यही बाटो जादैं थिएँ, त्यहाँ किसानहरुको हकहितका बारेमा छलफल हुँदैरहेछ । छलफलमा गुठी जग्गा दर्ता र मोहियानी हकका बारेमा कुरा चलेको थियो, मलाई पनि केही जान्न मन लाग्यो र त्यही किसान भेलामा बसे । आफु पनि गुठी जग्गा र मोही हकबाट पीडित किसान भएकोले जमिनमा जोताहा किसानको साँच्चै हक प्राप्त हुने रहेछ भन्ने कुरामा म आशावादी भएँ र विस्तारै पीडित किसानको भूमि अधिकारका पक्षमा लागे ।

भूमि पीडित किसानको पक्षमा वकालत गर्ने, मोही हकका लागि मुद्दा हाल्ने, गुठी जग्गा दर्ता गर्न निवेदन दिने र कुत बुझाएपछि भर्पाई लिनुपर्छ भन्ने विषयमा किसानलाई सचेत पार्नु मेरो काम हुन लाग्यो । मलाई पुजारी र साहुहरु हाम्रो कामको बारेमा के भन्दैछन्, के गर्दैछन् सो विषयमा समेत चासो बढ्दै गयो ।

शुरुका दिनमा पीडित, भूमिहीन किसान जति आफ्ना साथी र साहु, पुजारीहरु शत्रु हुन् भन्ने लाग्दथ्यो तर सबै एकैनाशका थिएनन् । किसान साथीहरुसँग मोही हकका लागि काम अगाडि बढाऔं भनौ भने साहुहरुलाई कुरा लगाउने प्रवल सम्भावना थियो ।

सिन्धुपाल्चोक क्षेत्र नं. ३ मा गुठी तथा मोहियानी सरोकार समितिले भूमि अभियान केही वर्ष अगाडिबाट संचालन गर्दै आइरहेको थियो । त्यसैले अभियानबारे बुझ्नका लागि २०५८ चैत्रमा मसहित केही साथी त्यहाँ पुग्यौ । त्यहाँबाट प्राप्त सल्लाह अनुसार गाउँमा एउटा भेला राख्यौ । केही किसान साथीहरुसँग सल्लाह गरी भेलाको लागि खबर गरियो । भेलाको दिन आयो । भेलामा त्यसैदिन हक पाइने पो हो कि भनि ८०-८५ जना किसानहरु जम्मा भए । गुठी जग्गा र मोही हकका बारेमा छलफल चल्यो । छलफलमा पीडित किसानहरुले साहुले दुःख दिने, बेला बेलामा आई धम्क्याउने देखि स-साना गल्तीमा पनि भर्न लगाउने अत्याचार गरेको पीडा पोखे । अब सहेर बस्नु हुँदैन, हकका लागि हामी लड्नुपर्छ भनि किसानहरुमा जोश जागर भर्ने काम भयो ।

यो गतिविधि जग्गाधनीहरुले थाहा पाएर किसानहरुलाई फकाउने, धम्क्याउने कार्य गर्न थाले । यसले गर्दा किसानहरु निश्क्रिय देखिन थाले । यो भूमिको मुद्दा हो, राजनैतिक पाटो हो, सरकारले गर्ने काम हो भनेर भनिन्थ्यो । तर चुनावको बेला सबै राजनैतिक पार्टीहरुको भोट माग्ने मुल मुद्दा यही बन्दथ्यो । चुनाव जितेपछि सम्पूर्ण कुरा सेलाएर जाने नियम जस्तै भएको थियो ।

२०५९ साल भदौ महिना थियो । सामुदायिक विकास तथा वतावरण संरक्षण मञ्चले भूमि अधिकार अभियान संचालनमा सहयोग गर्ने रे भन्ने खबर हामीले पायौं । हक प्राप्तिका लागि भेला गर्ने, निवेदन तयार गर्ने कुराको जानकारी भयो । ब्यापक रुपमा किसानहरु भेला भए र बाँडेगाउँ नवलपुरमा पीडित किसानको संगठन बन्यो । निवेदन तयारी शिविरहरु राखिए सयौ हक प्राप्तिका लागि निवेदन तयार भए र मालपोत भूमिसुधार कार्यालयमा दर्ता गर्ने काम भयो ।

अभियानमा लागेपछि मैले पनि गुठी जग्गामा हक प्राप्त गरे । अभियानकर्ता भएर भूमि अधिकारका लागि तोकेको जिम्मेवारी बोक्दै साह्रै खुसी र उमङ्गसहति बाँडेगाउँ, नवलपुर हुँदै अरु गा.वि.स.हरुमा पनि किसान हक र भूमि अधिकारका लागि वकालत गर्दै अगाडि बढ्दै गइयो । अभियानक्रममा बाँडेगाउँ र नवलपुरका जग्गाधनी साहुहरुले बाटो छेक्ने र पिट्ने धम्की दिने गर्न थाले । अब एक्लो छैनौ हामी दरिलो भएका छौ भन्ने विश्वासका साथ अभियानको रफ्तार बढाउँदै गयौ । यसक्रममा बाँडेगाउँमा ३ पुस्तादेखिका सुकुम्बासी माझी परिवार (१३) लाई जग्गाधनी प्रमाणपुर्जा दिलाउन सफल भयौ ।

आफ्नै नजिकका दाजुले नापीका समयमा किर्ते गरी अर्काको (जग्गा) घरबारी आफ्नो नाममा गरेकोमा पनि त्यो फिर्ता गराउन सफल भयौं । यस्ता काममा सफल हुँदै अगाडि बढ्दै थियौं । रणनैनेश्वर महादेव गुठीका गुठियारहरुले यस अभियान रोके लाखौं रुपिया दिन्छौ, अभियानमा लाग्नेहरुलाई राम्रो जागिर दिलाई दिन्छौ भन्ने जस्ता लोभ देखाउने, अभियानमा भाजो हाल्ने काम गरिरहेका थिए । यस्ता कुराहरुले भूमि अधिकार अभियानलाई अझै तीब्रता बढाउनुपर्ने ठान्यौ र ठिक काममा हात हालिएको रहेछ भन्ने महशुस भयो ।

यस अभियानमा लाग्दा मैले धेरै समस्या झेल्नुपर्‍यो । बाँडेगाउँ गा.वि.स.मा १५० भन्दा बढी भूमिपीडित किसानहरु हक पाउँने क्रममा थिए । २०६१ असार १७ गते म घरमा नभएको बेला माओवादीहरु मेरो घरमा पसेछन् र मेरो भूमि अभियान सम्बन्धी सबै कागजपत्र लगाएत अभिलेखहरु झिकेर फाँलिदिए छन् । यो गुठी, मोहीको के कुरा हाम्रो सरकार आएपछि आधा, साधा छैन सबै जग्गा मोही कै हुन्छ भनी सम्पूर्ण कागजपत्र आगो लगाइदिएछन् । यो क्षण सबैभन्दा अवस्मिरणीय दिन भयो । अहिले सम्झदा चसक्क दुख्छ,

पीडित को छ ? त्यसको पीडा के हो ? पीडाबाट कसरी छुट्कारा लिने भन्ने बारेमा पीडितलाई नै सचेत गराउनु पर्छ र पीडित आफै पीडा बोकेर संगठित हुँदै अभियानमा लाग्नुपर्दछ, यो मेरो सिकाई हो ।

**– हरिप्रसाद तिमल्सिना,**

*भूमि अभियानकर्ता, बाडेगाउँ- ४, सिन्धुपाल्चोक*



# आदिवासी जनजाति र जमिन

● सन्त बहादुर चेपाङ

**नेपालका आदिवासी जनजातिहरु**

किसान, कुमाल, कुसवाडिया, कुसुण्डा, गन्गाई, गुरुङ, चेपाङ, बनकरिया, छन्त्याल, छैरोतपन, जिरेल, झाँगड, डोल्पो, ताडवे, ताजपुरिया, तामाङ, तिनगाउँले थकाली, थामी, थारु, तोप्केगोला, थकाली, थुदाम, दनुवार, दराई, दुरा, धानुक (राजवंशी), धिमाल, नेवार, पहरी, फ्रि, बराम, बाह्रगाउँले, भुजेल, बोटे, भोटे, मगर, माझी, मुगाल, मार्फाली थकाली, मेचे (बोडो), याक्खा, राई, राउटे, शेर्पा, राजवंशी (कोचे), राजी, लार्के, लिम्बु, लेप्चा, ल्होमी ( सिंसवा), वालुङ, व्यासी, सतार (सन्थाल), सियार, सुनुवार, सुरेल, हायु र हयोल्मो ।

*स्रोत : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, ०५८*

सामान्यतया आदिवासी जनजातिहरु भूमिपुत्र, पुत्रीहरु हुन्, जो आफू जन्मेको भूमिमा खेतिपाती, पशुपालन र सामान्य घरेलु उद्योग गरेर बाँचेका हुन्छन् । उनीहरुको आफ्नै मौलिक भाषा, संस्कृति, धर्म, सामाजिक परम्परा र परिचय हुन्छ । उनीहरु बीचमा वर्ग, जाति, लिंग, धर्मको आधारमा शोषण र विभेद हुँदैन ।

नेपालमा आदिवासी जनजातिको परिभाषाको सम्बन्धमा विभिन्न संघसंस्था, निकाय र विद्वानहरुले विभिन्न विचारहरु प्रस्तुत गरेका छन् । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार आदिवासी जनजातिको परिभाषामा “नेपालको कुनै एक खास भू-भागमा आवादी गर्ने वा आफूलाई पहिलो वा पहिलो मध्येको वा मूल वासिन्दाका रुपमा स्थापित गर्ने वा आदि/अनादिकालदेखि बसोबास गर्दैआएका भिन्न उत्पत्ति जाति, भाषा, संस्कृति भएको राज्य र शासन सत्तामा निर्णायक भूमिका खेल्नबाट बञ्चित तथा आफ्नो पूर्ख्यौली भूमिलाई भौतिक/अभौतिक विकासको श्रोत मान्ने तर वर्तमान राज्यको निर्माण हुँदा उत्पीडन तथा विस्थापित गरिएका जो आफ्नो पहिचान र सांस्कृतिक सम्पदालाई आफ्ना भावी पुस्ताहरुमा सुरक्षित रुपमा हस्तान्तरण गर्न चाहने तथा आफूलाई आदिवासी भएको दावी गर्ने समुदायहरुलाई आदिवासी भनिन्छ” र हिन्दु वर्ण व्यवस्थाको संरचनाभित्र नपर्ने समानतामा आधारित परम्परागत सामाजिक संरचना भएको जाति आदिवासी र मूलवासीहरु जनजाति हुन् भनिएको छ ।'

विगत करीब १४ वर्षको आदिवासी जनजातिहरुको लडाईले आज भन्दा ४० वर्ष अगाडि संयुक्त राज्य अमेरीकामा कालाहरुले लडेको नागरिक अधिकारको लडाईले स्थापित गरेका मान्यताहरुको तादात्म्यता राख्दछ । आज पनि आदिवासी जनजातिहरु आधारभूत हक र अधिकारहरुको निर्वाध रुपमा उपभोग गर्न पाउने हकबाट वञ्चित छन् । आदिवासीहरु आफूले आवाद गरेको आफ्नो ऐतिहासिक मातृभूमिमा आफैं सुकुम्बासीसरह भएका छन् । आदिवासी जनजातिको लडाई कसैको आधारभूत नागरिक हक अधिकार खोस्न नभई आफ्नै हक अधिकार स्थापित गर्न केन्द्रित छ । उनीहरुको हक अधिकार नागरिक हक अधिकार भन्दा अझ गहन र विशिष्ठ ढंगले उठिरहेको छ । आधुनिक मुलुक निर्माण हुँदाको बखतसम्म कायम रहेका आदिवासी जनजातिका हक र अधिकारहरु आज त्यत्तिकै खोसिएको अवस्था छ । उदाहरणका लागि सम्वत १८३१ मा पूर्वी लिम्बुवानका आदिवासी जनजातिलाई प्रदान गरिएको लालमोहरमा भनिएको छ :

“.......... तिमी तुतु तुम्याङ यकहाङ सन्तान हौ । आज त्यो मुलुक हाम्रा भएतापनि तिमीहरु हाम्रै छौ । तिम्रा जहानका पिछा हामीले लियौ । जजसको जे जे तिम्रा खाइन पाइन र लुङवानगढ, सिङवानगढ अशुद्धलाई सब खत पात सभा शुद्ध गरी खानामा हिजुको तिम्रा मुलुकभित्रको सबै थामी बक्यौं । तिमीहरु हाम्रा भारदारसँग सामेल रही र मद्दत सघाई हिजो आपै आप आपुगी बसी आए बमोजिम त्यो मुलुक संभार गर । ......... यो तिमीहरुको निती हामीले जानेको छ । ..... तिमीहरु आप आपुङ्गी खाइन पाइन माथि लेखे बमोजिम जिमी भूमी जानी चलन गरी खानु । हामीले खोसे मासे मानी पुजी ल्याएको देवताले हाम्रो राजकाज भंग गरोस् भन्या ताम्रपत्रको तसल्ली मुलुकी लालमोहर बाँधी माथि लेखिने लिम्बु कुल भाईलाई दियौ ।”

यसरी तत्कालिन लिम्बु आदिवासी जनजाति समुदायसंग गरिएको सन्धी, सनद वा

लालमोहरमा "हिजो आफैआफ स्वतन्त्र रुपमा बसी आए अनुरुप आफ्नो मुलुकमा संभार गर, विगतमा जसरी स्वतन्त्ररुपमा आफ्नो भूमिको उपभोग गर्न पाएका छौ, त्यही अनुरुप गर्नु" भनिएको छ । साथै "तिमिहरुको भिन्न मुल्य र मान्यताबारे राज्यलाई जानकारी" भएको पनि बताइएको छ ।

इतिहासको काल खण्डहरुमा राज्य सत्तामा परिवर्तन आयो र मुलुकमा 'सार्वभौम सत्ता सम्पन्न' जनताका प्रतिनिधिहरुले राज्य चलाउने परिपाटीको विकास भयो । हिजोका आदिवासी जनजातिहरु जो आफ्नो स्वतन्त्र र छुट्टै पहिचान बोक्दै थिए उनीहरु पनि राज्यका नागरिक त भए तर नागरिक हक अधिकारबाट वञ्चित भए । आदिवासी जनजातिहरु आफू सार्वभौम कहिले हुने ? कसरी हुने ? यो अत्यन्त सम्बेदनशील प्रश्न हो । शासनको उत्तराधिकारी नागरिकमा जसरी सऱ्यो त्यसरी नै आदिवासी जनजातिहरुमा नागरिक हक र अधिकार सरेन । हुन त आदिवासी जनजातिहरु नागरिकको मात्र हक राख्दैनन् । उनीहरुको यो मुलुक निर्माणपूर्व रहेको ऐतिहासिक विरासत वा धरोहरहरु राज्यले त्यत्तिकै विलिन गर्न मिल्दछ वा मिल्दैन ? यो राष्ट्रमा अन्तर्निहित तत्वहरुमा आदिवासी जनजातिको इतिहास, संस्कृति, भाषा, भावना मुखरित हुन पर्दछ वा पर्दैन ? विसंगति के रहेको छ भने मुलुक राज्य व्यवस्था संचालन गर्ने व्यक्ति, समुदाय वा जातिका हातमा गयो र उ मुलुकको नागरिक भएका कारण, सार्वभौम र स्वतन्त्र भएका कारण राज्य सत्तामा पुग्यो । तर आदिवासीहरुको अधिकार नागरिकको सम्म पनि भएन । आफ्नो मुलुक समर्पित गरेर आफूलाई यो आधुनिक अधिराज्य निर्माण गर्न समाहित गर्ने आदिवासी जनजातिहरुले नागरिकता पनि नपाएको अवस्थाले आदिवासी जनजाति समुदाय कसरी राज्यबाट सिमान्तीकृत बन्दै गए सोझै अनुमान गर्न सकिन्छ । करीब १ लाखको जनसंख्यामा रहेका चेपाङ जनजातिमध्ये ८५% सँग नागरिकता छैन । कुल जनसंख्याको करीब ९५% खोरीया फाँडेर जीवन निर्वाह गर्दछन् र तिनको जग्गाको निस्सा प्रमाणपत्र छैन । करीब ७०% जनसंख्या निरक्षर छन् । विगत ५० वर्षको विकास प्रयत्नको उपलब्धी के त ? चेपाङ आदिबासी जनजातिको शिक्षा हेर्ने हो भने आजसम्म एकजना पनि स्नातकोत्तर हासिल गरेको व्यक्ति देखिन्न । जबकी चेपाङ जनजातिको विशेष विकासको नाममा लाखौको बजेट विनियोजित गरेको आज लगभग ३० वर्ष भन्दा बढी भइसक्यो । चेपाङ जस्तै अनगिन्ती अन्य आदिवासी जनजातिहरु झनै तिनीहरु कहाँ, कसरी, कस्तो अवस्थामा बसोबास गर्दछन् भन्ने विषयमा राज्य त के कैयौ शिक्षित, बौद्धिक समाज र संचार क्षेत्रलाई समेत थाहा छैन ।

आदिबासी जनजातिहरु नागरिक हक अधिकारको मात्र हकदार होइनन्, भूमिको आवाद गरेर बस्ती बसाउने आदिवासीहरुको भूमिमाथिको अधिकार अन्य नागरिक समुदायका अधिकारको विषय भन्दा पृथक रहेको छ । आदिवासीका परम्परागत ज्ञान, सीप, मूल्य र मान्यतामा आधारित जीवन पद्धती भनौ या जीवनयापन गर्ने प्रणालीको संरक्षण या सम्वर्द्धन गर्ने अधिकार, अन्य समुदायको भन्दा फरक रहेको छ । आधुनिक विकास तथा अन्वेषणले भौतिक जीवन र जगतबीचको अन्तर्सम्बन्धलाई पहिचान गरी जीवनयापनमा सहजता ल्याएको भएतापनि मानवीय जीवन र अन्य बीचको अन्तर्सम्बन्धलाई सुमधुर बनाई राख्ने, सन्तुलित बनाई राख्ने क्षमता आदिवासी जनजातिको पुस्तौ पुस्तादेखि निरन्तर रहेको ज्ञान हो । जुन संरक्षण सम्बर्द्धन गर्न त परै जाओस् त्यसको विनास गर्ने परीपाटीका कारण आदिवासीहरुको ज्ञानको श्रोत संकटमा परेको हो । यसबाट आदिवासीहरुको जीवन पद्धति कष्टकर बन्दै गइरहेको छ । जीवनयापन अत्यन्त जोखिममा परिरहेको छ ।

> *आदिवासी जनजातिको लडाई कसैको आधारभूत नागरिक हक अधिकार खोस्न नभई आफ्नै हक अधिकार स्थापित गर्न केन्द्रित छ ।*

## आदिवासी जनजातिहरुको स्थिति र जमिनमा पहुँच

विश्वमा करीब ३७-५० करोड (३७०-५०० मिलियन) आदिवासीहरु छन् भन्ने अनुमान छ । आदिवासी जनजातिहरु ५ वटै महादेशका ७० जति देशहरुमा फैलिएका छन् । विश्वको करीब ६ सय जाति र भाषामध्ये ५ हजारभन्दा बढी आदिवासी जाति र भाषाहरुमा बाँडिएका छन् । आदिवासीहरुको जीवनशैली प्रकृतिसँग निर्भर छ । र, उनीहरु विशिष्ठ संस्कृतिका संवाहक हुन् । आदिवासीहरु अधिकांश युद्धका कारण तथा नियतपूर्वक सिमान्तीकृत र मानवअधिकार उल्लंघनका सिकार भएका छन् । आदिवासीहरु कयौं शताब्दीदेखि आफ्नो अस्तित्वको रक्षा गर्ने तथा जातिको रुपमा उन्नती गर्न पाउने अधिकारका लागि विजेता साम्राज्य र उपनिवेश विरुद्ध जुझिरहेछन् । आदिवासीहरु आज विश्वका उपेक्षित तथा जोखिमग्रस्त मानव समुदायमा पर्दछन् । नेपालमा आदिवासी जनजातिहरुको संख्या करीब ४४% (एक करोड) छ ।

नेपालका ७६ प्रतिशत मानिस खेती किसानी गर्ने काममा व्यस्त छन । तर कृषिमा काम गर्ने सबै मानिसहरुको आफ्नै नाममा जग्गा जमिन भने छैन । उक्त कुरा आदिबासी जनजातिहरुमा पनि देखिन्छ । यस देशको ईतिहास निमार्णदेखि राज्य निमार्ण गर्ने काममा आदिबासी जनजातिहरुको मुल भूमिका रहेको थियो । तर भूमि पुत्रपुत्रीहरु भनिने आदिबासी जनजातिहरुको पुर्खौदेखि जोतभोग गरेको जमीनको कुनै निस्साप्रमाण छैन् । आफ्नो जमिनको सुरक्षा नहुँदा उनीहरु विस्थापित हुने अबस्थामा छन् । आदिबासी जनजातिहरुले प्रकृतिसँग सुमधुर सम्बन्ध गासेका हुन्छन् । दुर्भाग्य सरकारले जैविक विविधता जोगाउने नाममा आदिबासीहरुको हित विपरित काम गरिरहेको स्थिति छ । यस राज्यमा आदिबासीहरुको आवश्यकता पर्दछ भने उनीहरुले कमाईआएको जमिनको मालिक बनाउन जग्गाधनी प्रमाण पुर्जा अनिवार्य उपलब्ध गराउनु आवश्यक छ । के कसरी उपलब्ध गराउने र यसको स्वामित्व व्यक्तिगत वा सामुहिक गर्ने भन्ने कुरा आदिवासीहरुले नै निर्णय गर्न पाउनुपर्दछ ।

*(लेखक नेपाल चेपाङ संघका केन्द्रीय सचिव तथा राष्ट्रिय भूमि अधिकार सरोकार समूहका राष्ट्रिय सदस्य हुनुहुन्छ ।)* ■



# जल, जमिन र जंगलमा पहुँचका लागि आन्दोलनमा जोड

'दीगो जीविकोपार्जन तथा प्राकृतिक स्रोतमाथि जनताको पहुँच' भन्ने मुल नारासहित २०६२, असार ९ र १० गते नागरिक समाजका दुई दर्जन भन्दा बढी संस्थाहरुको आयोजनामा राष्ट्रिय सम्मेलन राजधानीमा सम्पन्न भयो। नेपाल दक्षिण एशिया अनुसन्धान केन्द्र, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, सामुदायिक विकास संगठन, सचेत संचार मञ्च, क्षेत्रीय दलित नेटवर्क, एक्सनएड नेपाल, एम.एस. नेपाल लगायतका संस्थाहरुको अगुवाईमा भएको उक्त सम्मेलनले जल, जमिन र जङ्गलमा जनताको अधिकार स्थापित गर्नका लागि लोकतन्त्रमा मात्र सम्भव भएकोले लोकतान्त्रिक आन्दोलनमा गोलबन्द हुनु आवश्यक भएको निश्कर्ष निकालेको छ। सम्मेलनमा जल, जमिन र जङ्गल क्षेत्रका विविध समस्या भोल्दैआएका अधिराज्य भरका ३५ जिल्लाका चारसय भन्दा बढीको सहभागिता थियो।

'जल, जमिन र जङ्गलजस्ता प्राकृतिक श्रोत तथा साधनमाथि जनताको सहज पहुँचका लागि राज्यको पुनर्संरचना हुनु आवश्यक छ।' सम्मेलनले निश्कर्ष निकालेको छ। त्यसका लागि पीडितहरुले आफ्नो आन्दोलनलाई अझै वैचारिक, संगठित र तेजिलो बनाउने निर्णय समेत गरेका छन्।

सम्मेलनमा जलबारेको छलफलका क्रममा पानीलाई आधारभूत मानवअधिकारको रुपमा परिभाषित गर्दै जलस्रोतका क्षेत्रमा बनेका कतिपय परियोजना तथा नीतिहरुले स्थानीय जनसमुदायको जीविकोपार्जन तथा मानवअधिकारको विषयमाथि हस्तक्षेप भएको निष्कर्ष निकालेको छ। सम्मेलनले जलस्रोतमा असमान सन्धि-सम्झौता एवं जलस्रोतको निजीकरणका सवालमा राज्य जनताप्रति उत्तरदायी नभएकोले राज्यले जलस्रोतबाट ठगिएका जनताका आवाज समावेश गर्नुपर्ने कुरामा जोड दिएको छ।

जलस्रोतको परियोजनाहरुमा स्थानिय जनताको स्वामित्व हासिल गर्ने परिपाटी बन्नुपर्ने, द्धिपक्षीय जलस्रोतको मुद्दामा राष्ट्रिय हितलाई प्राथमिकता दिनुपर्ने, विभिन्न वित्तिय संस्थाहरुको नियन्त्रण तथा प्रभावबाट नेपाली जलस्रोतलाई मुक्त गर्नु पर्ने, बाढी पीडित तथा जलस्रोतमाथि मात्र निर्भर रहेर जीविका चलाईरहेको माझी, बोटेलगायतका जनताहरुको उचित व्यवस्थापन गरिनुपर्ने, अन्तर्राष्ट्रिय वित्तिय संस्थाहरुको दवाबमा सिंचाइमाथि सरकारले कटौती गरेको अनुदान फुकुवा गरी सबै जनताका लागि सुलभ सिंचाइको व्यवस्था गरिनुपर्ने माग सम्मेलनका सहभागीहरुले गरेका थिए।

त्यसैगरी बनबारेको छलफलको क्रममा सामुदायिक वनमा राज्यको हस्तक्षेप बढ्दै गइरहेको, स्थानीय स्तरका वन पैदावरहरुमाथि समुदायको अधिकार खोसिदै गइरहेको निष्कर्ष प्रस्तुत गर्दै सहभागीहरुले प्राकृतिक स्रोतको दोहन तथा लाभको बाँडफाँडमा स्थानीय समुदायलाई नै अधिकार प्रत्यायोजनका लागि कानुनी ग्यारेन्टीको माग गरेका छन्। सामुदायिक वनलाई साझेदारी वनका नाममा जनताको पहुँचबाट टाढा लैजाने नीतिको चर्को विरोध भएको थियो। सामुदायिक वनको लाभ गरिब, दलित, जनजाती तथा विपन्न वर्गलाई समेत पुग्नेखालका नीतिहरु तयार गरिनुपर्ने जस्ता मुद्दा समेत सम्मेलनमा व्यापक रुपमा उठेको थियो। यसका साथै जीविकोपार्जन तथा जैविक विविधतामा प्रत्यक्ष फाइदा पुर्‍याउनुपर्ने, राष्ट्रिय निकुञ्ज, आरक्ष संरक्षित क्षेत्र र मध्यवर्ती क्षेत्रमा स्थानिय समुदायको अधिकार स्थापना गरिनुपर्ने निष्कर्ष पनि निकालिएको थियो।

त्यसैगरी जमिनबारेको छलफलका क्रममा नेपालको मुख्य उत्पादक श्रोत भूमिको असमान वितरणका कारण समस्यामा परेका मोहीहरुको अधिकार ग्यारेन्टी गर्नुपर्ने, सरकारको गैर-जिम्मेवार नीतिका कारण शोषणमा परेका मुक्त कमैयाहरुलाई जमिनमाथि अधिकार स्थापित गरिनुपर्ने, भूमिमा आधारित हलिया, कमलरी, बालीघरे, डोली प्रथा, हरुवा आदि प्रथाको विकल्प सहित अन्त्य गरिनुपर्ने, उखडा जग्गा गरिब जोताहाका नाममा दर्ता गर्नुपर्ने, चेपाङ

लगायतका आदिवासीहरु बसेको जग्गा दर्ता गर्नुपर्ने अडान सम्मेलनका सहभागीहरुको छ । जनविरोधी भूमिबैंक जस्ता भूमिलाई निजीकरण तथा जनताको पहुँचभन्दा टाढा पुऱ्याउने प्रक्रियाहरुलाई खारेज गरी जनमुखी भूमि ऐनको घोषणा गरिनुपर्ने निष्कर्ष सम्मेलनले निकालेको छ । सम्मेलनमा सहभागीहरुले सामन्तहरुलाई पक्षपोषण गर्ने राज्यसंरचनाले गरिब तथा भूमिबाट वञ्चित जनसमुदायको हितमा काम गर्न नसक्ने ठहर गर्दै वर्तमान लोकतान्त्रिक आन्दोलनलाई समावेशीकरणतर्फ उन्मुख गर्नुपर्ने कुरामा पनि जोड दिएका थिए ।■

## सम्मेलनमा प्रस्तुत कार्यपत्रबाट

पुस्तौदेखि जीविकाको लागि जमिन जोत्दै आएकाहरुलाई वर्तमान सामन्तवादी भूमिव्यवस्थाले निचोर्दै र पाखा लगाउँदै गएको छ । जोताहाहरुको द्वैध स्वामित्व कायम नै नभएको अवस्थामा द्वैध स्वामित्व अन्त्य गर्ने नीतिले नेपालका सातलाख जोताहा किसानहरु भूमि अधिकारबाट वञ्चित छन् । नागरिकता नहुँदा भूमिहीन किसानहरु भूमिको हकबाट वञ्चित हुनुपरेको छ ।

भूमि सम्बन्धी कुनै पनि नीति, नियम बनाउँदा भूमि अधिकारबाट वञ्चितहरुको सहभागिता नभएको र सुचनाबाट वञ्चित गराइएको छ । सुकुम्बासी आयोगले भूमिहीनताको समस्यालाई सुल्झाउनुको सट्टा अझै बल्झाएको छ । दलितहरुलाई भूमिबाट वञ्चित गराइएको छ । नाकाबन्दी लगाइएको छ । चेपाङहरुको जग्गा दर्ता हुन सकेको छैन । भएको खोरिया पनि सामुदायिक वनको नाममा खोसिदै छ । कमैयाहरुलाई बस्तीबाट निकालिदै छ । कपिलबस्तुमा अझै पनि कमैया प्रथा कायम नै छ । ब्लक जग्गा भोगकर्ताको नाममा दर्ता हुन सकेको छैन ।



वर्तमान भूमि प्रशासन सामन्ती भूमिव्यवस्थालाई टिकाइराख्ने एजेन्ट बनेको छ । वर्तमान भूमि व्यवस्थाले यहाँको उत्पादक शक्तिलाई स्वतन्त्र हुनबाट रोकेको छ । किसानलाई जग्गासँग टँसाइदिने र पेटभरी पनि खान नदिने अवस्था छ । यो भूमि व्यवस्थालाई टिकाउन हाम्रो भूमि प्रशासनले काम गरिरहेको छ । तसर्थ, राज्यप्रणाली परिवर्तन नगरी सामाजिक तथा आर्थिक रुपान्तरण सम्भव छैन । वर्तमान भूमि व्यवस्थामा रमाइरहेका र मेहेनतकश जनताबाट चुसेर खाइरहेका जमिनदार तथा शासकहरुले वर्तमान भूमि व्यवस्थामा खोट देखेको छैन । यिनीहरुले कृषिप्रविधिमा दोष देख्छ । तर भूमि व्यवस्थामा परिवर्तन नआएसम्म कृषि प्रविधि पनि सुध्रिदैन भन्ने कुरा बुझ्न जरुरी छ ।

उत्पादन बृद्धिले मात्र सामाजिक रुपान्तरण हुँदैन त्यसका लागि न्यायपूर्ण वितरण पनि हुनुपर्छ । थोरै जमिन धेरैको हातमा र धेरै जमिन थोरैको हातमा भएपछि कतै उपरी माथी थुपरी त कतै चपरी नै चपरी भने जस्तो भयो । यसले छद्म बेरोजगारी बढाएको छ ।

नेपालमा भूमिको स्वामित्व एकल स्वामित्वमा आधारित छ । देखिँदा मोही एक चौथाई वा आधा जग्गाको मालिक भएपनि संविधान र कानुनले जग्गाको तल्सिङलाई मात्र मुल मालिक मानेको छ । मोही किसानको स्वामित्व मालिकको निगाहामा अडेको छ । त्यस्तो स्वामित्वको कुनै अर्थ छैन । हामी भूमि व्यवस्थामा ०१६ सालभन्दा अघि बढ्न सकेका छैनौ । त्यतिखेर विर्ता, उखडा आदि प्रथाहरु खारेज गरिएका थिए । यद्यपि विर्ता उन्मूलन ऐनका त्रुटिले बेनामी स्वामित्वको विसंगति देखापरिरहेको छ ।

नेपाली भूमिको प्रभावकारी उपयोग हुन सकेको छैन । यसको प्रभावकारिताविना सामाजिक तथा आर्थिक रुपान्तरण हुँदैन । अधिकारबाट वञ्चितहरुको बृहत आन्दोलनले मात्र भूमि व्यवस्थामा रुपान्तरण गर्न सक्छ । वर्तमान भूमि व्यवस्थामा रुपान्तरणका लागि जमिनमा भैरहेको गैर जमिनदारी स्थितिको अन्त्य गरिनुपर्छ । खेती नगर्ने जमिनको मालिक बन्न पाउनु हुँदैन । जमिन जोत्नेको पहुँचमा नहुने स्थितिको अन्त्य हुनुपर्छ । जमिन त्यसको हुनुपर्छ, जो जमिन साँच्चै जोत्छ । जमिन जोत्नेकै मात्र भएर पनि पुग्दैन, सहकारी खेतीप्रणालीको सुरुआत वा सामुहिकतामा अन्य बाटाहरु पनि समात्नुपर्दछ । जमिनमा मात्रै आश्रित परिवारलाई छाडेर बाँकी मानिसलाई उद्योगतिर आकर्षित गर्नुपर्छ । जमिनमा आधारित विभिन्न प्रथाहरु कमैया, हलिया, उखडा आदि प्रथाहरुको जरैदेखि अन्त्य र उनीहरुको नाममा भोग गरिरहेको जग्गा नि:शर्त दर्ता गरिनुपर्दछ ।

नेपालमा रहेका भूमिहीनको संख्या निकै ठुलो छ । यो संख्या १० लाख २० हजार भन्दा बढी भएको अनुमान गरिएको छ । यिनीहरुको भूमिमा पहुँच पुऱ्याउन कडाइपूर्वक हदबन्दी लगाइनुपर्छ । जमिन वास्तविक जोताहा र भूमिहीन किसानलाई बाँडने हो भने जमिन उत्पादनशील मान्छेको हातमा पर्छ । यसले देशकै उत्पादन बढ्छ । मुलुकमा कुल खेतीयोग्य जमिनको एक चौथाई भाग बाँझो छ । जमिनदारी प्रथा यसको प्रमुख कारण हो । त्यसैले जमिन बाँझो राख्न नपाइने व्यवस्थालाई कडाइका साथ लागू गरिनुपर्दछ । यी सबै कामहरु जनतावाट चुनिएका प्रतिनिधिहरुको नेतृत्वमा हुनुपर्छ र भूमिव्यवस्थापन र प्रशासनलाई तल्लो तहसम्म विकेन्द्रित गरिनुपर्दछ ।■

# खोजी भूमिअधिकारको



सबैभन्दा ठूलो समस्या हो गरिबी र गरिबीको मुख्य कारण भूमिहीनता। नेपाली समाजको उत्पादनको प्रमुख श्रोत जमिनमा रातोदिन काम गर्नेहरुको न्यून स्वामित्व छ। भूमिमा आदिमकालदेखि जोतखन, उत्पादन र उपभोग गर्दैआएका आदिबासी, जनजातिहरु, जोताहाहरु, भूमिहीन किसानहरु, निम्न मध्यम र निम्नवर्गका किसानहरु श्रम गर्दछन् तर उनीहरुको श्रमबाट उत्पादित बस्तुको स्वामित्व भने जमिनदारहरुको हुने गदर्छ। श्रमिकहरुको जीवन सामान्यतः कष्टपूर्ण, ऋणको बोझले थिचिएको र साँस्कृतिक रुपले पछाडि पारिएको हुन्छ भने श्रम नगर्नेको जीवन सुखमय र सुविधाजनक हुनेगर्छ। यसैले यो वर्गबीच समय समयमा टकराव हुन्छ।

हाम्रो देशको भू-वितरण प्रणाली असमान छ। जमिनमा अहिले पनि हुनेखाने वर्ग ( सामन्ती वर्ग) को अधिपत्य रहेको छ। यही कारणले आम किसानको स्थिति अत्यन्त कष्टकर बनेको छ। विगतमा यी नै कुरामा सुधार ल्याउन भनेर भूमिमा अनेकौं सुधारहरु गरिए। तर ति भूमिसुधारले हाम्रो विद्यमान भू-व्यवस्थामा उल्लेख्य फेरबदल गरेन बरु तिनीहरुका सुधारले परम्परागत भूमि व्यवस्थामा नयाँ जटिलता मात्र थप्ने काम गऱ्यो। त्यसकारण विद्यमान भूमिव्यव्वस्थामा आमुल परिवर्तन ल्याउनु आवश्यक छ।

भूमि व्यवस्थालाई अहिलेकै असमान अवस्थामा टिकाईराख्न सरकारले पुनः भूमिबैंकको पासो फालेको छ। हदबन्दी लागू गर्ने, बेदर्तावाल मोहीलाई मोहियानी हक दिने, दर्ता नभएका जग्गा भोगका आधारमा भूमिहीन तथा जोताहा किसानलाई उपलब्ध गराउने, बाँझो जग्गा प्रयोगमा ल्याउने जस्ता दर्जनौं विकल्पलाई पन्छाएर जमिन्दारबाट जग्गा खरिद गर्नै र भूमिहीनलाई बेच्ने यो षडयन्त्रको सर्वत्र विरोध भइरहेको छ।



## ...साइकल गुडाउँदै

■ डिल्लीराम खतिवडा
राजबिराज

पातलो ख्याउटे शरीर, जिडरिङ्ग परेको कपालसँगै मैलो कमिज र धोतीमा सजिएका छन् । शरीर र पहिरन हेर्दा लाग्छ, उनी वर्षौंदेखि भोकै छन् ।

वास्तवमा उनी भोका छैनन् । आफू भोकै नभए पनि भोकाका लागि लामो समय साइकल कुदाएकाले उनी त्यस्ता देखिएका मात्र हुन् । कनकपट्टिका ५४ वर्षीय बलदेव राम साताभरि भोकालाई अघाउने अभियानमा साइकलमार्फत लागि रहे । सरकारले अघि सारेको भूमि बैंकप्रति दलित, गरिब र स्वयं भूमिहीनको धारणा बुझ्न उनले साताभर साइकल कुदाउनुपरेको हो । सिराहा र सप्तरीका ४१ हजार भूमिहीनको धारणा बुझ्न पैदल यात्रा सम्भव नभएकाले साइकल प्रयोग गर्नुपरेको भनाइ उनको छ । त्यसमाथि पनि दलित बस्तीलाई केन्द्रित गरेर साइकल यात्रा अघि बढेको थियो ।

उनी यात्रामा एक्लै थिएनन् । उनलाई करिब चार दर्जन भूमिअधिकारकर्मीले साथ दिएका थिए । उनी भन्छन्, मैले भूमिहीन दलितको पीडा बुझेको छु, दलितलाई प्राथमिकता दिनुको कारण यही हो ।

एकसाताभर बटुलेको निष्कर्ष उनीहरूले राजबिराजमा सार्वजनिक पनि गरे । सिराहाको मिरचैयाबाट सुरु भएको साइकल र्‍याली सप्तरीको राजबिराज पुगी सकिएको थियो । जसमा यी वृद्ध दलितको नियमित तथा जोसिलो सहभागितालाई सबैले प्रशंसा गरे । साइकल यात्रा रोकिए पनि भूमिहीन दलितको आवाज भने नरोकिने जनचेतना दलित समाजका सचिव गणेश रामले उजागर गरे ।

उनीहरूको भनाइ थियो, 'सरकारले ल्याएको भूमि बैंकको अवधारणा जमिन्दारको हितमा छ, जसले गरिब, दलित र भूमिहीनलाई थोरै पनि राहत दिने छैन ।' भएकै नियम कानुनमात्र लागू गरिए पनि गरिब भूमिहीनले जमिन पाउने र भूमि बैंकजस्ता विकल्प चाहिँदै नचाहिने भनाइ उनीहरूको थियो ।

दलित बस्तीमा साइकल यात्रीले देखेका वास्तविकता ज्ञापनपत्रका रूपमा सरकारलाई बुझाइएको पनि उनीहरूले बताए । आफ्नो यो अभियानमा सिरहा र सप्तरीका मात्र नभई काठमाडौंका भूमिअधिकारकर्मीले समेत साथ दिएपछि आयोजक हौसिएका थिए । कार्यक्रम समापनका अवसरमा उपस्थित भूमि अधिकार राष्ट्रिय सरोकार समूहका अध्यक्ष सुरेश नेपालले भनेका थिए, 'भूमिहीन दलितलाई जमिन दिलाउने सवाल दलितको मात्र हैन, सिंगो राष्ट्रको हो ।

यसै क्रममा भूमिमा रातोदिन श्रम गर्ने नेपालका भूमिहीन, मोही, हलिया, चरुवा, कमैया, कमलरी लगायत भूमिअधिकारबाट वञ्चितहरुको संगठन राष्ट्रिय भूमि अधिकार मंचको नेतृत्वमा लोकतन्त्र र भूमिअधिकारको पक्षमा जनमत तयार गर्न, जमिन्दारको पक्षपोषणका लागि ल्याउन लागिएको भूमि बैंकको विरोधमा आवाज उठाउन र संगठनको सवलिकरणका लागि बैशाखको २५ देखि २९ सम्म पूर्वमा र जेष्ठको १५ देखि १८ सम्म पश्चिममो साईकल र्‍याली सम्पन्न गरेका छन् । यात्रामा पूर्व र पश्चिम गरी ३६ र ९१ जनाको सहभागिता थियो । पूर्वको यात्रा सिरहाको मिर्चेयाबाट शुरु भई विभिन्न गाउँबस्ती हुदैं सप्तरीको राजविराज र पश्चिमको यात्रा दाङको घोराहीबाट शुरु भई विभिन्न गाउँवस्ती घुम्दै, बर्दियाको गुलरिया हुदैं नेपालगञ्जमा आएर टुङ्गिएको थियो ।

साईकल यात्राले देशको विषम परिस्थितीमा जनताका केही ज्यूँदा प्रयास जारी छन् र नेपाली जनता जहिले पनि सामाजिक रुपान्तरणको पक्षमा उभिन्छन् भन्ने कुरालाई बाहिर ल्याएको छ । यात्राको क्रममा हजारौं अधिकारबाट वञ्चितसँग भएको भेट र अन्तर्क्रियाबाट उनीहरुमा नयाँ आशा र आँट बढेको छ । भूमि अधिकारबाट वञ्चितको संगठनमा सदस्य र साथीहरु थपिएका छन् । भूमिअधिकारको पक्षमा जनमत बढ्दै छ । जुन कुरा यात्राको क्रममा विभिन्न व्यक्ति, स्थानीय समूह, विद्यालय, क्लब, रेडक्रस सर्कल र सामाजिक संघसंस्थाहरुको स्वतूर्फुत सहभागिता र समर्थनले प्रमाणित गरेको छ । यात्राको क्रममा ठाउँठाउँमा साईकलयात्रीलाई भव्य स्वागत गरिएको थियो । यात्राको क्रममा खाने तथा सुत्ने व्यवस्था समुदाय र समुदायमा काम गरिरहेका विभिन्न समूहहरुले गरेका थिए । यस प्रक्रियाले पछाडि पारिएका जनताका पक्षमा आवाज उठाउने अभियानमा समुदाय सहयोग गर्न तयार छन र यसको लागि ठुलो बाहिरी सहयोग चाहिदैंन भन्ने कुरा पनि देखिएको छ । महत्वपूर्ण कुरा त यसले भूमि अधिकारको पक्षमा को कती प्रतिवद्द छ भन्ने पनि स्पष्ट गराएको छ ।

यसले भूमि अधिकारबाट बञ्चितहरु आफ्ना हित विपरित उठाईने जुनसुकै कदम विरुद्द जुध्न तयार रहेको सन्देश पनि दिएको छ । पुस्तौंदेखि बसोबास एवं जोतखन गरिरहेको जग्गा नदिएर दलित, भूमिहिन किसान र कमैयालाई आफ्नै माटो ऋण लिएर किन्नुपर्ने गरी सरकारले ल्याउन खोजेको भूमि बैंकको तर्कपूर्ण तर चर्को विरोध यसकै उदाहरण हो । यात्रामा भूमि अधिकारलाई मात्र विषय नबनाएर लोकतन्त्रको पक्षमा पनि आवाज बुलन्द गरिएको थियो । राष्ट्रिय भूमि अधिकार मञ्च नेपालको संयोजनमा भएका यि यात्राका आयोजक र सहभागीले लोकतन्त्रको अभावमा भूमि अधिकार प्राप्त नहुने र जस्तोसुकै अवस्थामा पनि नलडी लोकतन्त्र प्राप्त नहुने कुरालाई आत्मसात गरेको देखिन्थ्यो । नेपालगञ्जको सडकमा माघ १९ पछिको सवभन्दा ठुलो जुलुश उतारेर लोकतन्त्र र भूमि अधिकारको नारा लगाउँदै नेपाली भूमिहिन, जोताहा किसान, कमैया र हलियाहरुले आफुहरुलाई परिवर्तनको पक्षमा उतारेको यो घटना निकै नै महत्वपूर्ण बन्न पुगेको छ।

यो अभियानसँगै आफ्ना संगठनलाई अझै बलियो बनाउँदै यस्ता कार्यक्रमलाई देशव्यापी बनाउने चुनौती थपिएको छ । यसको लागि संगठनलाई अझै बलियो बनाउन त आवस्यक छ नै, भूमिअधिकारका एजेण्डालाई पनि थप स्पष्ट गर्नु जरुरी छ । यो अभियानलाई लोकतन्त्रको पक्षमा उत्रिएका राजनतिक दल र अन्य संगठनको कार्यक्रमसँग जोडेर लैजान पनि त्यत्तिकै आवस्यक छ । यो समय आफु ठाउँमा हुँदा भूमि अधिकारको सवाललाई आँखा चिम्लने दलहरुलाई भूमि अधिकारको पक्षमा प्रतिवद्द हुन बाध्य बनाउने मौका पनि हो । तर यो आपसी सहकार्यमा मात्र सम्भव छ । अव संगठनले भूमि अधिकारका अल्पकालिन र दिर्घकालिन लक्ष्य स्पष्ट गरी दिर्घकालिन लक्ष्यमा जनमत तयार गर्दै अगाडि बढ्ने र अल्पकालिन लक्ष्य प्राप्तिका लागि अगाडि सारेका दर्जनौं माग पुरा गर्न चरणवद्द आन्दोलनमा निरन्तर उत्रनु पर्छ । जुन आन्दोलनले नेपाली श्रमजिवी किसानको उत्पादन र कर खाएर पनि केही समस्या नभएको जस्तो नाटक गरेर बस्ने शक्ति साँच्चै कमजोर बनोस् र नेपाली खेतियोग्य भूमि वास्तविक जोताहा एवं भूमिहिन किसानको स्वामित्वमा हुने व्यवस्था निर्माणमा सहायक बनोस् ।■